जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २६, २०७६ साल फागुन १३ गते मंगलबार (Feb 25, 2020) www.janaakash.com.np मुल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# ग्लोबल आईएमई बैंकमा लगानी असुरक्षित

- जम्मा गरेको पैसा अर्काको खातामा ।
- बोनसको लोभमा साँवा गायब ।
- कर्मचारीमाथि दमन ।
- पत्रकारहरुलाई थकर्काउछन् पोखरेल ।

केही महिना अगाडी मात्र जनता बैंकलाई गाभेर नेपालको सबैभन्दा ठुलो बैक भनेर निक्कै प्रचार गरिएको ग्लोबल आईएमई बैंकमा लगानी गरेका सेयरधनी तथा आम ग्रहकहरुको लगानी भने असुरक्षित बन्दै गएका घटनाहरुले देखाईरहेका छन् । ग्रहकहरुले बैंकमा राखेको रकमको हिसावमा तलमाथि हुने । एउटाको खातामा राखेको पैशा अर्कै ब्यात्तिको नाममा जम्मा हुने र त्यसरी हिशाव थाहा पाउने ग्रहकहरुले त तत्कालै थाहा पाउन साथ बैकमा जानकारी गराउलान् तर ब्यस्तता र समय अभाव भएर समयमा बैंकमा पुग्न नसक्ने बैकमा ग्रहक भएका ग्रहकहरुको लगानी ग्लोबल आईएमईमा असुरक्षित बन्ने गरेको भुक्तभोगी ग्रहकले हामीलाई जानकारी गराउने गरेका छन् ।

त्यस्तै एउटा उदारण लमजुङ जिल्लाका नेपाली काग्रेसवाट जन प्रतिनिधलाई समेत भाईसकेका ब्यात्तिसमेत परेको रहेछ । उहाको नाम हो कृष्णप्रसाद अधिकारी उहाको नाममा एक्कासी २ लाँख २३ हजार ९ सय पैशा थपियो रे र दुईदिन पछि कुनै एकजना ब्यात्तिले फोन गरेर कृष्णसर बोल्नुभयो भने, हो म बोल्दै छु मलाई समस्या पऱ्यो हजुरले सहयोग गर्नुपऱ्यो मैले हिजो ग्लोबल आईएमई बैंकमा पैसा जम्मा गरेको थिए तपाइको खातामा पो हालिदिएछन् । तपाईले

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

निकालेर मलाई निपऱ्यो । कृष्ण प्रसाद लमजुङमा रहेको हुदा म अहिले लमजुङ छु म काठमाडौ आएपछि मिलाउला भन्दा ति ब्यात्ति निक्कै वाद विवादमा आउने ढंङवाट प्रस्तुत भएपछि कृष्ण अधिकारीले फोन राखेका थिए त्यसको लगतै अर्को फोन आयो उनले आफ्नो परिचय दिदै म ग्लोबल आईएमईको कर्मचारी हो हिजो मिष्टेकले तपाईको खातामा पैशा गएछ तुरुन्तै त्यो तपाइको खातामा जम्मा भएको रकम निकालेर पठाउनुस नभए तपाइको खाता रोक्का गरिदिन्छु भन्दै बाँकी ८ पृष्ठमा

# ७० औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाइयो

मोहन पोखरेल, भरतपुर

७० औ राष्ट्रिय प्रजातन्त्र दिवस चितवनको भरतपुरमा भव्य रुपमा मनाइएको छ । सोही दिन फागुन ७ गते राष्ट्रिय समाचार समिति (रासस) चितवनले आफनो वार्षिक उत्सवको अवसरमा नारायणी सामुदायिक अस्पतालमा १०२ पत्रकारको स्वास्थ्य परिक्षण गराएको छ । जिल्ला स्थित रासस प्रमुख तथा नेपाल पत्रकार महासंघ चितवन शाखाका उपाध्यक्ष नारायण प्रसाद अधिकारीको संयोजनमा भएको उक्त परिक्षणमा अस्पतालका चिकित्सकहरुले पत्रकार प्यानलको अभिरुची पूर्वक स्वास्थ्य परिक्षण गरेका थिए ।

कानून न्याय तथा मानव अधिकार समितिका सभापती तथा सांसद कृष्णभक्त पोखरेलले स्वास्थ्य परिक्षण कार्यक्रमको उद्घाटन गरेका थिए । सोहि दिन ७० औं राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा स्थानिय संघ संस्था तथा प्रहरी र सेनाका प्रमुखहरुले राष्ट्रिय झण्डा सहित प्रभात फेरी गर्दै जिल्ला समन्वय समितिमा पुगेर भव्य कार्यक्रमको आयोजना गरेका थिए ।

स्थानिय समाजसेवी तथा पत्रकारहरुको पनि उल्लेख्य उपस्थिति रहेको थियो । जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिले कार्यक्रमको संयोजन गरेका थिए । उक्त समारोहमा भरतपुर महानगरपालिकाका नगर प्रमुख रेणु दाहाल, उपप्रमुख पार्वती शाह, भरतपुर अस्पताल प्रमुख लगायत सरकारी कार्यालयका प्रमुखहरु उद्योग वाणिज्य संघ, गैसंस, महासंघका प्रतिनिधीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । सोही दिन नेपाल रेडक्रस सोसाइटी चितवनले रक्तदान कार्यक्रमको पनि आयोजना गरेको थियो । क्षेत्रिय रक्त संचार केन्द्र भरतपुरका तर्फबाट जिल्ला समन्वय समितिका प्रमुख कृष्ण कुमार डल्लाकोटी र प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद भट्टराईलाई मायाको चिनो प्रदान गरियो । क्षेत्रिय रक्त संचार केन्द्रका प्रमुख रमेशकान्त पौडेलले कार्यक्रम उत्साहजनक रुपमा सम्पन्न भएको बाँकी ८ पृष्ठमा

# दश दलको चरणबद्ध आन्दोलन
## नेपाल बन्द गर्नेसम्म को तयारी

- राष्ट्रघाती एम.सी.सी.सम्झौता संसदबाट स्वीकृत र पारित नगर्नका लागि सबै संघीय सांसदहरुलाई अनुरोध गर्दै पत्राचार गर्ने ।

- यही फागुन १५ गते सर्वपक्षीय अर्न्तक्रिया कार्यक्रमको आयोजना गर्ने ।

- आगामी फगुन १५ गते भित्र देशका सबै स्थानीय निकायमा पहिलेकै विधिद्धारा प्रदेश समितिहरुले समायोजन गरी बिरोध प्रदर्शनलाई सशक्तरुपमा सम्पन्न गर्ने ।

- आगामी फागुन १६ गते संसद भवन घेराउ गर्ने ।

-राष्ट्रिय सार्वभौमिकता र अखण्डता माथि नै चुनौती खडा भएको अहिलेको अवस्थामा संघर्षको उच्च रुप नेपाल बन्दको कार्यक्रमको आयोजना गर्ने ठेगान भएको छ । यो महत्वपूर्ण कार्यक्रमलाई सफल पार्नका निमित्त सबै देशभक्तहरुलाई बैठकले जोडदार रुपमा आह्वान गरेको छ ।

- नेपाल बन्दको मिति र ठोस योजना आगामी यही फागुन १३ गते बस्ने बैठकले तय गर्ने छ ।




काठमाडौं । एमसीसीको खारेजी र भारतद्वारा अतिक्रमित भूमि फिर्ताको माग गर्दै आन्दोलनरत नौ दलीय मोर्चा अब दश दलीय बनेको छ । शनिबार बसेको नौ दलीय मोर्चाको बैठकले नेकपा (संयुक्त)लाई पनि मोर्चामा समावेश गर्ने निर्णय गरेपछि दश दलीय मोर्चा बनेको हो । मोर्चाको शनिबार सम्पन्न बैठकले गरेका निर्णयहरु सार्वजनिक गर्न वक्तव्य जारी गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले दश दलीय मोर्चाले संसदीय भवन घेराउदेखि नेपालबन्द सम्मका आन्दोलन कार्यक्रम घोषणा गरेका छन् ।

दश दलीय मोर्चाको तर्फबाट अध्यक्ष गजुरेलद्वारा जारी गरिएको वक्तव्यमा नौ बाँकी ८ पृष्ठमा

# एमसीसी विरुद्ध मन्थलीमा बिरोधसभा


मन्थली । रामेछापको सदरमुकाम मन्थलीमा शनिवार नौ दलले भारतीय सीमा अतिक्रमण र अमेरिकी नियोगसँग गर्न लागेको एमसीसी सम्झौताको बिरोधमा कार्यक्रम गरेको छ ।

नौ दलले काठमाडौं उपत्यकामा बिभिन्न कार्यक्रम गरिसकेको छ । सोही कार्यक्रम जिल्ला ब्यापी बनाउदै लैजाने गरी कार्यक्रमहरु तय गरेको छ । त्यसै अनुरुपको कार्यक्रम शनिवार मन्थलीमा नौ दलको जिल्लास्तरीय कार्यक्रम भएको संयुक्त गठबन्धनमा रहेका नेकपा क्रान्त्रिकारी माओवादीका जिल्ला सचिव लाङघाली मगरले जानकारी दिनुभएको छ ।

कार्यक्रममा बक्ताहरुले भारतीय सीमा अतिक्रमण र अमेरिकासँग हुन लागेको एमसिसि बिरुद्ध जनतालाई



जानकारी गराउनु रहेको बताएका थिए । नेकपा मालेका तर्फवाट केन्द्रीय सदस्य मोहन कार्की, कान्क्रिकारी माओवादीवाट गणेश खड्गी, केन्द्रीय सदस्य र राष्ट्रिय जनमोर्चावाट अर्जुन थापा रामेछाप जिल्ला उपाध्यक्षले कार्यक्रमलाई सम्बोधन गरेका थिए । बक्ताहरुले भारतले नेपालको लिपुलेक लिम्पियाधुरा अतिक्रमण गरेको नेपाली भुमि तत्काल फिर्ता गराउन बाँकी ८ पृष्ठमा



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# दश दलीय मोर्चाले तय गर्ने अबको बाटो

मुलुकमा इतिहाँसकै बलियो सरकार छ । त्यो पनि सर्वहारा जनताको नेतृत्व गर्ने कम्युनिष्ट पार्टीको । नेपाल कम्युनिष्ट पार्टी नेकपाका अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गरिरहनु भएको छ । नेकपा शान्तिपुर्ण राजनीतिक धारवाट जनतालाई आफनो पक्षमा आकर्षित गर्न सफल नेकपा (एमाले) र आमुल परिवर्तनका लागि भन्दै दश बर्षे जनयुद्ध पछि शान्ति प्रक्रियामा आएको तत्कालीन माओवादीको मुल नेतृत्व गरेका प्रचण्ड नेतृत्वको एमाओवादी मिलेर बनेको दल हो ।आफुलाई परिवर्तनको संबाहक ठान्ने नेकपाका नेताले नेतृत्व गरेको सरकार मुलुकमा हुदापनि अन्य कम्युनिष्ट पार्टीहरुले आन्दोलनका लागि सडकमा उत्रनु पर्ने अवस्था सृर्जना हुनु साच्चिकै दुर्भाग्य पुर्ण छ ।

यतिबेला मुलुकको अस्तित्वमाथि नै प्रश्न चिन्ह खडा भइरहेको मात्र छैन, जनजीविकाको सवाल अत्यन्तै भयाबह बन्दै गएको छ । विस्तारवादी र साम्राज्यवादी शक्तिहरुको बिरोध गरेर राजनीतिमा आफुलाई स्थापित गरेको एउटा कम्युनिष्ट पार्टीले आज तिनीहरुकै सलामी र गुलामी गरेर मुलुकमा क्रियाशिल अन्य कम्युनिष्ट पार्टीहरु माथि पनि आसंका गर्नुपर्ने अवस्था सृर्जना गरिदिएको छ । यतिमात्र होइन कम्युनिष्टहरु पुजीवादीका पृष्ठपोषक र सर्वहारा वर्गका ठुला शत्रुहुन भन्ने भन्ने मान्यता ओली नेतृत्वको वर्तवान सरकारले स्थापित गर्न खोजिरहेको छ । नेपालको कम्युनिष्ट आन्दोलनका लागि यो दुर्भाग्यपुर्ण पक्ष हो ।

वर्तवान सरकारले स्थापित गर्न खोजेको गलत नजिरलाई चिर्न र राष्ट्रियतालाई थप सृदृढ बनाउने उदेश्यले दश दलीय मोर्चा अहिले आन्दोलनमा होमिएको छ । एमसिसि जस्तो राष्ट्रघाती सम्झौता, सीमा समस्या र जनजीविकाको सहजताका लागि यो आन्दोलन अपरिहार्य नै भइसकेको हो । यद्यपि बिगतका परिवर्तनकारी शक्तिहरुले आफु सत्तामा गएपछि जनतासँग गरेका बाचा पुरा नगरेका कारण आन्दोलनलाई सफल अवतरण गराउन ठुलो चुनौति छ । यो चुनौतिको सामना गरेर आन्दोलनलाई ःसफल बनाउनका लागि जनतालाई विश्वासमा लिन जरुरी छ । बिगतदेखि वर्तवान सम्मका राजनीतिक आन्दोलनमा दलहरुलाई साथ दिएका जनता अहिले थकित, त्रसित र उदासिन छन् । जुन जोगी आएपनि कानै चिरेको भन्ने लोकोक्ती हामीसँग मेल खादैन भन्ने यथार्थ बिश्वसनीय ढंङगले दश दलीय मोर्चाका नेताहरुले जनतामा पुऱ्याउन सक्नुपर्छ अन्यथा आन्दोलन सफल हुने सम्भावना न्युन छ । यसतर्फ आन्दोलनरत दश दलीय मोर्चाका नेताहरु गम्भिर बन्न जरुरी छ ।

# सहकारी क्षेत्रको विकासबाट आर्थिक समृद्धि

प्रेमा संगम



नेपाल एउटा विकासोन्मुख राष्ट्र हो । ऐतिहासिक रुपमा हेर्ने हो भने नेपालमा विभिन्न राजनीतिक आर्थिक, सामाजिक तथा सांकृतिक अवरोध पार गर्दै अगाडी बढेको अवस्था छ । १०४ वर्ष सम्मको निरंकुश जहांनिया राणा शासन चिरेर जब वि.सं. २००७ सालको प्रजातन्त्र स्थापन भयो । त्यसपछि नेपालमा राजनीति क्षेत्र संग( सँगै सामाजिक, आर्थिक, शैक्षिक तथा सांस्कृतिक क्षेत्रमा समेत विकासको लहर छाउन थाल्यो । यसै प्रजातन्त्रको खुल्लापनमा नेपालमा पनि सहकारीको विजारोपण भएको हो । विश्वमा औद्योगिक क्रान्ति पछि धैरै सहकारीको सुरुवात भएको हो । नेपालमा चाँहि विधिवत् रुपमा वि.सं.२०१३ सा चैत्र २० गतेबाट सहकारीको सुरुवात भएको हो ।

बेलायतको मेनचेस्टर भन्ने ठाउँबाट सन् १८४४ अक्टोवर २४ का दिन (Rochadale Equitable Pioneer Society) सहकारी संस्था दर्ता गरेर सञ्चालनमा ल्याएपछि विस्तारै सहकारीको महत्व र प्रभाव फैलिएर गयो । नेपालमा चाहि सहकारी संस्थाको संस्थागत गठन भने अमेरीकाको सहयोगमा बाढी पिडितहरुलाई बसोवास समेत गराउन संचालित राप्ती दुन विकास आयोजना शुरु भएपछि चितवन जिल्लाको बखानपुरबाट बखानपुर सहकारी संस्थाको सुरुवात सँगै शुरुवात भएको थियो । जसरी राजनीति परिवर्तन संग( सँगै समाजमा रहेका हरेक क्षेत्रको पनि रुपान्तरण हुन्छ । नेपालको राजनीतिमा प्रजातन्त्र हरण गरेर ३० वर्षसम्म निर्दलीय पञ्चायती शासन व्यवस्था देशमा लादियो । त्यो समयमा सहकारी क्षेत्र समेत सहि रुपमा फष्टाउन सकेन । वि.सं. २०४९ सालको देशमा पुनः प्रजातन्त्रको स्थापना पछि गाउँ, शहर सबैतिर सहकारीको स्थापना गर्ने लहर नै चल्यो । अझ दोस्रो जनआन्दोलनपछि त सहकारीको महत्व र प्रभाव बढेर गएको छ । सरकार र नीजि क्षेत्रलाई जोडेर सामुहिक रुपमा काम गर्न सहकारीले जुन रुपमा सिकाउछ । त्यसैको जगमा टेकेर सहकारी आज फैलिदो रुपमा छ । सहकारीलाई संविधानमा समेत तीन खम्बे आर्थिक नीतिमा एक खम्वा हो भनेर उल्लेख २०६३ को आन्तरिक संविधानमा पनि छ ।

यति हुँदाहुँदै पनि सहकारी क्षेत्रको विकासबाट देशमा आर्थिक समृद्धि गर्न कस्तो मोडेल अपनाउने ? सहकारी क्षेत्रमा उत्पादन मुलक क्षेत्रमा लगानी गर्न सरकारको भुमिका कस्तो हुने ? सहकारीको माध्यमबाट कसरी आर्थिक समृद्धि गर्ने ? यो विषयमा घनिभुत रुपमा छलफल, अध्ययन गरेर अगाडी बढ्दा सहकारी क्षेत्रले देशको विकासमा र आर्थिक समृद्धि गर्न समेत टेवा पुऱ्याउँछ । विशेष गरेर यस आलेखमा सहकारीको सैद्धान्तिक पक्ष र नेपालको सन्दर्भमा सहकारीको विकासले आर्थिक समृद्धिको बहस कसरी अगाडी बढीरहेको छ र यसले हामीहरुलाई कहाँ पुऱ्याउँछ भन्ने सवालमा आफ्ना तर्कहरु राख्नेछु । म मेरा तर्कहरु सामाजिक, सांस्कृतिक र आर्थिक बनोटको आधारमा गर्ने छु । भावनात्मक रुपमा भन्दा पनि तथ्य र आधारको आधारमा गर्नेछु ।

सहकारी क्षेत्र आफैमा एउटा वृहत क्षेत्र हो । त्यति मात्र होइन कि सहकारीको परिभाषा, महत्व समेत निकै व्यापक रुपमा फैलिदो रहेको छ । सहकारी भन्ने वित्तिकै समुहगत रुपमा काम गर्ने भन्ने सामान्य अर्थ बुझ्न सकिन्छ । सह भनेको मिलेको र कारी भनेको कार्य गर्नु हो । तसर्थ साधारण अर्थमा मिलेर काम गर्नुलाई नै सहकारी भन्न सकिन्छ । सहकारी भन्नाले शक्ति र समुदायको पारस्पारिक हित र विकासलाई जनाउँछ । सहकारिताको माध्यमबाट नै समाजका कमजोर निःसहाय एवम् निम्न आय वर्गीय व्यक्ति वा समुहले आर्थिक समस्यालाई समाधान गरी आफ्ना आवश्यकता इच्छा र आकांक्षा पुरा गर्न सक्छन् । समाजका निम्न आय भएका व्यक्तिहरुले आफै एक्लैले कुनै पनि काम गरेर आफ्ना आवश्यकता पुरा गर्न नसक्ने हुनाले उनीहरु समुहमा रहि काम गर्न सहकारी संगठनसँग आवद्ध हुन्छन् । सहकारी संगठनको सम्बन्धमा भन्नु पर्दा सहकारी एउटा स्वतन्त्र स्वायत्त संगठन हो ( जसमा समान विचार, इच्छा, आकांक्षा र आवश्यकता भएका व्यक्तिहरु आवद्ध भएका हुन्छन् । साथै यस्तो संगठन एउटा निश्चित सिद्धान्त, मूल्य र मान्यता हुन्छ, जुन पारस्परिक सहयोग एवम् सद्भाव, न्याय र समानतामा आधारित हुन्छ (सापकोटा, २०७६) ।

विश्वमा जुन आवश्यकताको आधारमा सहकारी स्थापना भयो परिवर्तित समयसंगै सहकारीको आवश्यकता, महत्व झनै फैलिदै गयो । सहकारीको माध्यमबाट नै विकास गर्न आममानिसको जीवनस्तर उकास्न तथा शोषण दमन र अन्यायमा परेका मानिसहरु तथा समाजको विकास गर्न समेत सहकारी एउटा कोशेढुङ्गा भएर आयो भन्दा अतियुक्ति नहोला । एक आपसमा मिलेर बस्नु, मिलेर सोच्नु र मिलेर काम गर्नुलाई सहकारिता भनिन्छ । सामान्य अर्थमा सहकारिताले संगै बस्ने, विचार गर्ने र काम गर्ने पद्धतिलाई बुझाउँछ भने प्राविधिक रुपमा यसलाई व्यवसायिक कौशलको रुपमा लिइएको हुन्छ । सहकारी समाजशास्त्रीको नजरमा सामाजिक उत्पीडनबाट मुक्ति प्राप्त गर्नु हो भने अर्थशास्त्रीको नजरमा विचौलियाको शोषणबाट मुक्ति प्राप्त गर्ने व्यवसायिक संगठन हो ।

सहकारी सह र कार्य शब्द जोडेर बनेको हो । सह शब्दको अर्थ संगै र कार्य शब्दको अर्थ काम हो । यसरी संगै मिलेर कार्य गर्नु सहकारी हो । सहकारी नेपालमा अनौपचारिक रुपमा विगत देखि नै अभ्यासमा रहेको थियो । नेपालका गाउँ तथा शब्दहरुमा अनादिकाल देखि नै गुठि पर्म, ढिकुरी तथा संकाखल जस्ता अनौपचारिक सहकारी संगठन कार्यरत रहेको पाइन्छ । विगतमा यिनीहरुको काम समानरुपमा सबैको आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रको विकास र समृद्धि गर्नु नै हो । आधुनिक रुपमा जसरी सहकारीको परिभाषा र महत्व फरक हुँदै गयो । त्यसपछि यसको महत्व विश्वभरी नै आकर्षण र प्रभाव फैलिएको हो । (ठकुरी, २०६४)

विकास के हो ? यसको उद्देश्य के हुनुपर्छ भन्ने सन्दर्भमा विश्वविख्यात अर्थशास्त्री अमर्त्यसेनले नितान्त फरक अवधारणा अघि सारेर विकास सम्बन्धित वहसलाई नै फरक स्थानमा पुऱ्याइदिए । उनका अनुसार (१९९९), विकास गर्नु भनेको मानिसको स्वतन्त्रतालाई फराकिलो बनाउनु हो । त्यसैले विकाको उद्देश्य मानिसहरुको स्वतन्त्रतालाई सुनिश्चित गर्नु र फराकिलो बनाउनु हो । उनी भन्छन् कि मानिसहरु आफ्नो इच्छा अनुसारको काम गर्न वा आफ्ना चाहना मुताविक कार्य गर्न सक्नुपऱ्यो । यो कुरा पैसा वा आर्थिक वृद्धिसँग मात्रै सम्बन्धित छैन । यो देशको राजनीतिक, अवस्था, सामाजिक सांस्कृति अवस्थासँग पनि अभिन्न रुपमा गाँसिएको हुन्छ । निश्चित पनि आर्थिक वृद्धिले मानिसको स्वतन्त्रतालाई फराकिलो बनाउन मद्दत् गर्दछ । यो एउटा तत्व त हो, तर आर्थिक वृद्धिले मात्रै पनि स्वतन्त्रता सुनिश्चित हुन सक्दैन । सहकारीले विकासको अवधारणामा समाजमा जसरी सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रको विकास गर्न प्रजातान्त्रिक पद्धतिबाट गर्ने गर्दछ त्यसैले पनि अहिलेको उदार अर्थ व्यवस्थामा यसको निकै उपयोगी छ ।

सहकारीको माध्यमबाट देशमा विकास गरेर आर्थिक समृद्धि हासिल गर्न सकिन्छ । सहकारीको समय अनुसार स्तरीकरण गर्दै मानिसका उद्देश्य र आवश्यकता अनुसार परिवर्तन गर्दै लैजाने हो भने देशको विकास गर्न वरदान साविक हुन्छ । सहकारीहरुले जसरी निक्षेप संकलन गर्ने र ऋृण प्रवाह गर्ने मात्र काम अहिले अलि बढी भइरहेको छ । सहकारीलाई राज्यले समेत अझ सशक्त बनाएर देशभरि बाँझो रहेको जमिनलाई माटो, हावापानी सुहाउँदो सामुहिक खेती गर्ने वातावरण बनाउनु पर्दछ । समुह समुहबाट बनाएर सामुहिक उत्पादन गर्ने र राज्यले वजारीकरणको अवस्था गर्ने हो भने देशमा रहेका वेरोजगार तथा विदेशीएका युवाहरुलाई स्वदेशमा नै विकास निर्माणको मुलधारमा ल्याउन सकिन्छ । त्यसबाट देशको न्मए, न्लए र ज्मक्ष समेत बलियो बनाउन सहकारीले योगदान गर्न सक्दछ ।

सहकारीले कुल ग्राहस्थ उत्पादनमा ३ प्रतिशतको योगदान पुऱ्याएको अनुमान गरिएको छ । वित्तिय क्षेत्रमा १५ प्रतिशत योगदान गरेको अनुमान छ । सहकारी संघ संस्थाको शेयर पूँजी मात्र २१ अर्व पुगेको छ भने कुल निक्षेप १२५ अर्व जति पुगेको छ । ५० हजार भन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् भने ५ लाख भन्दा बढी मानिसहरु सहकारीको ‘भोलेन्टियर’ का रुपमा कार्यरत रहेका छन् । देशमा ५० प्रतिशत मानिसको पहुँच सहकारीमा पुग्न सकिने देखिएको छ । उप्रेती २०७४ ।

राज्यले समयानुकुल नीति बनाएर सहकारीलाई अझ व्यवस्थित बनाउनु पर्दछ । बैंक, लघुवित्तले जस्तो धितो नलिकन आफ्ना सदस्यहरुलाई ऋृण दिने गर्दछ । समाजमा त्यो सानो सानो ऋृणबाट व्यापार, व्यवसाय, कृषि तथा पशुपालन गरेर मानिसहरु स्वरोजगार बनेका छन् । सहकारीले समाजमा छरिएर रहेको पुँजीलाई संकलन गरेर ऋृण अन्य सदस्यहरुलाई लगानी गर्ने हो । सरकारको विकास गर्ने लक्ष्यमा निजी क्षेत्रलाई र सरकारलाई जोड्ने सहकारीले पुलको काम गर्दछ । त्यसैले सरकारले सहकारीहरुलाई उचित नियमन गर्ने समन्वय गर्ने र समाजमा आधुनिकिकरण गर्नको लागि आर्थिक समृद्धिको लक्ष्य प्राप्त गर्न सहकारीको माध्यमबाट कृषि, व्यापार, उद्योग, पशुपालनमा उत्पादनमुखि बनाउन सहजीकरण गर्नु पर्दछ ।

निश्कर्ष :

विकास र समृद्धिको कुनै निश्चित परिभाषा र नमुना छैन । तर, देशको आन्तरिक उत्पादनमा वृद्धि र मानविय जनशक्तिको क्षमताको विकास नगरीकन देशको समृद्धि सम्भव छैन । सामाजिक र शैक्षिक क्षेत्रको लगानीले मानव पुँजिको विकास गर्छ । सहकारीको स्थापना नै समाजमा विद्यमान शोषण, दमन, उत्पीडन र विभिन्न विभेदको अन्त्य गरी आफ्ना सदस्यहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक विकास प्रजातान्त्रिक तरिकाले गर्ने हो ।

अहिले नेपालको जुन प्रकारको विकासको तय गरेको देखिन्छ यो उत्पादनमुखी नीर्यातमुखि भन्दा पनि आयात र उपयोगमुखि नीति अपनाएको देखिन्छ । सरकारले जुन रुपमा मोनोरेल, फराकिलो सडक, भ्यु टावर र पानी जहाजका सपना बाँडेको छ । यो आफैमा नराम्रो त होइन तर यसले राष्ट्रिय उत्पादन कहाँनेर योगदान वरु आयातमुखि बाटोलाई मलजल मात्र गर्दछ । यी मोनोरेल र स्मार्ट सिटीले त देशलाई झनै परनिर्भरतामा धकेल्छ । संविधानको जुन मर्म छ । समाजवाद उन्मुख नीतिको कुरा गरे पनि सरकार पश्चिमाहरुको फोटोकपि पुँजीवाद, नवउदारवादी नीतिलाई काखी च्यापेर अघि बढेको छ । नेपाली उखान झैं ‘काशी जाने कुटीको’ यो हुन्छ । यसले समाज पछि परेका वर्ग, तह र तप्काहरुलाई मुलधारमा आउन बाट रोकिरहन्छ । निश्चित धनी वर्गलाई अझ धनी र वहुसंख्यक गरिबलाई अझ गरिब बनाउँछ त्यसैले पनि नेपालमा सहकारीको विकासबाट आर्थिक समृद्धि हासिल गर्नका लागि पनि समाजमा तल्लो तह वा पिँधमा रहेका समुदायका लागी र मानव पुँजि निर्माण गर्नका लागि सामाजिक, शैक्षिक तथा सांकृतिक क्षेत्रमा लगानी बढाउनु पर्दछ । सहकारीको जुन मूल्य र मान्यताको समावेशी, समतामुलक प्रजातान्त्रिक पद्धतिबाट कसैलाई सहिष्करण नगरिकन आगडी बढाउनु पर्दछ । राष्टिूय पुँजि निर्माण गर्नका लीग उत्पादनमा जोड दिनपर्दछ ।

सन्दर्भ सामाग्रीहरु

-ढकाल प्रसाद, सुदर्शन (२०७०) सहकारी अर्थव्यवस्था
- ठकुरी, चन्द्रवहादुर (२०६४) नेपालमा सहकारी व्यवसाय अवस्थापन
- उप्रेती, रामचन्द्र (२०७४) सहकारी मार्गदर्शन ।
- सापकोटा, शिवजी (२०७६) सहकारीको नतिजामुखि अवस्थापन
- Sen, Amatya (1999) Development 95 Freedom, New York Alfred A. Knopf pp-3-12
- बौद्धिक दर्पण (२०७५) अंक ५, दास, डा. अन्नपूर्णानन्द प्रेश ३५(३८
- राजहंस पुर्णाङ्क १५ ०७५।०७६ वानेश्वर बहुमुखी क्याम्पस मुखपत्र राई, प्रकाश पेज ३१-४०
- नेपालको अन्तरिम संविधान २०६३

कालिन्चोक ६, दोलखा
हाल :कोटेश्वर, काठमाण्डौ

## राष्ट्रिय विभूति अमरसिंह थापाको सालिक राखिने

बागलुङ । गलकोट नगरपालिका-७ मल्ममा राष्ट्रिय विभूति अमरसिंह थापाको अर्धकदको सालिक राखिने भएको छ । सोही ठाउँमा निर्माणाधीन अमरसिंह पदमार्गछेउ सालिक राख्न निर्माणको काम शुरु भएको हो । आगामी चैत १४ गते कर्णेल उजिरसिंह थापाको २२४औं स्मृति दिवसका अवसरमा सालिक अनावरण गरिने सात सय बगाले थापा समाज मल्मका केन्द्रीय प्रतिनिधि छुमबहादुर थापाले जानकारी दिनुभयो । “जगसहित अरू संरचना निर्माणको काम अन्तिम चरणमा पुगेको छ”, थापाले भन्नुभयो । सालिक निर्माणका लागि बगाले थापा समाज बेलायतबाट नगद रु एक लाख ७० हजार सहयोग प्राप्त भएको थियो । सात सय बगाले थापा समाज मल्मले सानोखोला-बगाले थापा कूल मन्दिर-राम्चेढुङ्गा हुँदै पर्यटकीय लेक घुम्टे जोड्ने अमरसिंह पदमार्गको निर्माणलाई पनि गति दिएको छ । समाजको आयोजना र बगाले थापा क्षेत्री समाज धवलागिरिको समन्वयमा आगामी चैत १३ र १४ गते कर्णेल उजिरसिंह थापाको स्मृति दिवससहित विविधि कार्यक्रम गरिँदैछ । उक्त कार्यक्रममा देशभरबाट बगाले थापाका प्रतिनिधिहरुको मल्ममा जमघट हुने जनाइएको छ । सो अवसरमा नेपालको राष्ट्रिय स्वाधीनताको रक्षामा बगाले थापाले पुऱ्याएको योगदानमाथि विद्वानबाट कार्यपत्र प्रस्तुतिसहित बहस कार्यक्रम हुँदैछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# एलआइसिको गैरकानुनी काम

काठमाडौं । लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड एलआईसी नेपालका कर्मचारीहरुले नेपालमा गैरकानुनी रुपमा काम गरिरहेको पाइएको छ । नेपालको कानुन अनुसार स्थापना भएको भारतीय जीवन बीमा कम्पनी एलआईसी नेपालले नियुक्त गरेका कम्पनीका प्रमुख कार्यकारी अधिकृत सिईओ उपप्रमुख कार्यकारी अधिकृत डेपुटी सिईओ र कम्पनीका आईटी म्यानेजरले नेपालमा गैरकानुनी रुपमा काम गरिरहेको पाइएको हो । कम्पनीका सिईओ लक्ष्मी प्रसाद दास, डिसिईओ टुनटुन बुर्नवाल र सूचना प्रविधि विज्ञ संजिव कुमार अग्रवालले नेपालको कानुन अनुसार लिन पर्ने श्रम स्वीकृति नलिएर नेपालमा गैरकानुनी काम गरिरहेका छन् । नेपालका सम्वन्धित निकायहरुमा बुझ्दा उनीहरुले श्रम स्वीकृति नलिएको पाइएको हो ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तरगर्तको श्रम तथा व्यवसायजन्य सुरक्षा बिभागले एलआईसी नेपालले आजसम्म कसैको पनि श्रम स्वीकृति नलिएको जनाएको छ । बिभागको सूचना शाखाकी शाखा अधिकृत कल्पना रेग्मीका अनुसार आजसम्म एलआईसी नेपालको एउटा पनि निवेदन नपरेको बताइन् ।

भारतको सरकारी बीमा कम्पनी लाईफ इन्स्योरेन्स कर्पोरेशनको ५५ प्रतिशत लगानी भएको एलआईसीले नेपालको कानुन भन्दा माथि रहेर काम गरिरहेको नियामक निकाय बीमा समितिले जनाएको छ । नेपालमा जीवन बीमाको क्षेत्रमा काम गर्ने भन्दै नेपालको नियम र कानुन अनुसार स्थापना भएको उक्त कम्पनीले नेपालको कानुनको धज्जी उडाउँदै गैरकानुनी धन्दा गरिरहदा बीमा समिति निरिह भएर बसेको छ ।

समितिले एलआईसीका ३ जना कर्मचारी भारतीय नागरिक रहेको जानकारी भएपनि उनी कुन कानुन र विधि अनुसार नियुक्त भएका हुन भन्ने जानकारी नभएको जनाएको छ । बीमा समिति पुगेको सञ्चारकर्मीको टोलीसँग कुरा गर्दै समितिका माथिल्लो तहका एक कर्मचारीले आफूहरुलाई पनि संका लागेको बताए ।

नाम उल्लेख नगर्ने सर्तमा ति कर्मचारीले श्रम ऐन नमान्नुको कारण अरु केही भए खुलाउनु पर्ने बताए । एलआईसी जस्तै गरि स्थापना भएका अन्य कम्पनीहरुका कर्मचारीहरुले भने श्रम स्वीकृति लिएरै काम गरेको बीमा समितिको भनाई छ ।

के छ नेपालको कानुनमा ?

श्रम ऐन २०७४ अनुसार, नेपालमा नेपालको कानुन अनुसार स्थापना भएका जुनसुकै संस्थामा काम गर्ने बिदेशी नागरिकले अनिवार्य श्रम स्वीकृति लिनपर्ने व्यवस्था गरेको छ । श्रम ऐन २०७४ को दफा २२ को उपदफा १ अनुसार श्रम




## नेपालमा एलआईसीको दादागीरी

तथा व्यवसायजन्य सुरक्षा विभागबाट श्रम इजाजत नलिई रोजगारदाताले कुनैपनि विदेशी नागरिकलाई श्रमिकका रुपमा काममा लगाउन नपाईने उल्लेख छ । श्रम ऐनका अनुसार नेपालमा स्थापना भएका कम्पनीहरुले सकेसम्म विदेशी नागरिकलाई काममा नलगाउन भनेको छ । यदी काममा लगाउने भए अनिवार्य श्रम स्वीकृति लिनपर्ने कानुनी व्यवस्था हुँदा हुँदै एलआईसीले नेपालमा लुट मच्चाउनकै लागि भारतीय नागरिकलाई काममा लगाएको छ । नेपालका स्थापना भएको पव्लिक लिमिटेड कम्पनी एलआईसी नेपाल जनतामा उत्तरदायी हुनपर्नेमा कानुनै उल्लङ्घन गरेर नेपालमा गैरकानुनी धन्दा चलाइरहेको छ । विदेशी नागरिकलाई नेपालमा काममा लगाउनका लागि धेरै कुराहरुले बन्देज गरेको भएपनि एलआईसी नेपालले आफू भारतीय कम्पनी भएकैले गैरकानुनी काम गरेको देखिन्छ । भारतको 'ठुल्दाई' पारा देखाएर नेपालको कानुन विपरित एलआईसीले काम गरेको सर्बोच्च अदालतका बरिष्ठ अधिबक्ता बोर्णबहादुर कार्कीको भनाई छ । नेपालको कानुनले कसैलाई पनि छुट नदिएको भन्दै अटेरी गरे अदालती प्रक्रियामा गएर एलआईसीलाई मुद्धा चलाउनपर्ने अधिबक्ता कार्कीको भनाई छ । उसको गैरकानुनी धन्दाको साँछी बीमा समिति बनेको छ । बीमा समिति र लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडबीच भएका लेनदेनका विषयमा तयार पारिएको बिशेष सामाग्री आगामी अंक हेर्न सक्नुहुनेछ ।

स्रोत : मोटीभेट न्यूज

# सिभिल बैंकको १०७ औं शाखा जितपुरमा

काठमाडौं । नेपाल राष्ट्र बैंकका मुख्य प्रबन्धक राजन बिक्रम थापा तथा जीतपुर सिमरा उप-महानगरपालिकाका मेयर डा कृष्ण प्रसाद पौडेलले संयुक्त रुपमा सिभिल बैंकको जीतपुर शाखाको समुद्घाटन गर्नुभयो । देशकै विकासोन्मुख शहरहरु मध्येको एक प्रमुख शहर जीतपुर सिमरामा शाखा उद्घाटन गर्दै शुभकामना मन्तव्य दिने क्रममा उद्घाटन कार्यक्रमका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका मुख्य प्रबन्धक राजन बिक्रम थापाले देशको आर्थिक बिकास बैंकहरुको सहभागिताबिना हुन नसकिने भएकोले सिभिल बैंकले जीतपुरमा शाखा बिस्तार गर्दा त्यस क्षेत्रको बित्तीय गतिबिधिमा टेवा पुग्ने बताउनुभयो । उक्त कार्यक्रमका विशिष्ट अतिथि जीतपुर सिमरा उप-महानगरपालिकाका मेयर डा. कृष्ण प्रसाद पौडेलले जीतपुरमा सिभिल बैंकले शाखाखोलेकोमा खुसी व्यक्त गर्दै बैंक प्रति कृतज्ञता ज्ञापन गर्नुभयो साथै सिभिल बैंकले त्यस क्षेत्रको जनताको घरदैलोसम्म पुगी वित्तीय सेवा उपलब्ध गराई त्यहाँको जनताको जीवनस्तर उकास्न सघाउ पुर्याउने  विश्वास व्यक्त गर्नुभयो । उक्त अवसरमा सिभिल बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले देशको औद्योगीकरण गरी बिरगंज संग नजिक जीतपुरमा प्रशस्त औद्योगिक अवसरहरु रहेको र आफुले बैंकको तर्फबाट यस क्षेत्रको अर्थतन्त्र उकास्नकालागि सान्दर्भिक सेवा तथा सुविधाहरु प्रदान गर्ने बताउनु भयो । साथै सोही कार्यक्रमबीच सिभिल बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले फकिरा गिरी राजेश्वर गिरी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजु कुमार सिंहलाई विद्यालयको इ-लाईब्रेरीको लागि एक थान कम्प्युटर हस्तान्तरण गर्नुभयो । उक्त शाखाको उद्घाटन समारोहमा नेपाल राष्ट्र बैंकका मुख्य प्रबन्धक राजन बिक्रम थापा, जीतपुर सिमरा उप-महानगरपालिकाका मेयर डा. कृष्ण प्रसाद पौडेल, सिभिल बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ लगायत सो क्षेत्रका राजनैतिक ब्यक्तित्वहरु, उद्योगी, व्यवसायी तथा सर्वसाधरणको बाक्लो उपस्थिति थियो ।

# राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालामा प्रभु बैंकको काउन्टर

काठमाण्डौं प्रभु बैकले जिल्लाको काठमाण्डौं महानगरपालिका वडा नं. १२ स्थित राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला टेकुमा एक्टेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकको एक्टेन्सन काउन्टरको उदघाटन स्वास्थ्य सेवा बिभागका महानिर्देशक डा. रोशन पोखरेलले दिउँसो ०१:०० बजे एक समारोहका बिच गर्नु भएको हो । नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्ति निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरुको बैंकिङ्ग कारोबार प्रभावकारी रुपमा सञ्चालन गरिरहेको प्रभु बैंकले राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालामा पनि आफ्नो सेवा



विस्तार गर्न सफल भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालामा आउने सेवा ग्राहीहरुलाई रकम जम्मा गर्न र राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालाको कामगर्न सहज र सरल हुने भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट प्रवाह गरिने बैंकिङ्ग सेवाबाट स्थानीय बासी तथा सेवाग्राहीहरुले प्रभु बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने बैंकले जनाएको छ ।

# एनआईसी एशियाका ग्राहक महानुभावहरूलाई सोनी ब्राभिया टेलिभिजन खरिदमा विशेष छुट

एन आई सी एशिया बैंक लिमिटेड र नेपा हिमा ट्रेड लिंक प्रा.लि. बीच यस बैंकका ग्राहक महानुभावहरूलाई सोनीका आउटलेटहरू तथा केही आधिकारिक विक्रेताहरूबाट Sony Bravia Television (Model No: 65X8000G, 65X9500G, 55A8G, 55A8F and 55A1) को खरिदमा छुट प्रदान गर्ने सम्झौता भएको छ । उक्त सम्झौतामा बैंकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कुमार राठीज्यू र कम्पनीका तर्फबाट कार्यकारी निर्देशक राजेश तुलाधरज्यूले हस्ताक्षर गर्नुभयो ।

उक्त सम्झौता अनुसार यस बैंकका ग्राहक महानुभावहरूले बैंकको डेबिट/क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग सेवा बैंकको आफ्नै POS र QR Code प्रयोग गरि Sony Bravia का उपरोक्त उल्लेखित मोडलहरूको टेलिभिजन खरिद गर्दा प्रत्येक खरिदमा १०% वा अधिकतम रू. २,०००/ सम्म छुट प्राप्त गर्न सकिनेछ । यो योजना २०७६ फागुन १२ गतेदेखि २९ गतेसम्म लागू हुनेछ । बैंकका ग्राहक महानुभावहरूको अधिकतम लाभका लागि यो योजना ल्याइएको हो । यस बैंकले कार्ड तथा मोबाइल बैंकिङ्गबाट गरिने विद्युतीय भुक्तानीलाई प्रवर्द्धन गर्दै आइरहेको छ । जसअनुसार बैंकको डेबिट/क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग सेवाग्राहीहरूले यस बैंकको कार्ड तथा मोबाइल बैंकिङ्गका माध्यमहरूबाट विभिन्न सामान तथा सेवा खरिद गर्दा देशभर २,२०० वटा भन्दा बढि मर्चेन्टहरूबाट आकर्षक छुट प्राप्त गर्न सक्नुहुनेछ । उक्त छुट देशभर रहेको विभिन्न ख्यातिप्राप्त अस्पतालहरू, होटल, रिसोर्ट, रेस्टुराँ तथा विभिन्न सेवा तथा सामान विक्री गर्ने स्थानहरूबाट ग्राहक महानुभावहरूले सजिलै प्राप्त गर्न सक्नुहुनेछ । विद्युतीय भुक्तानीलाई थप सरल बनाउनुको साथै यसको पहुँच विस्तार गर्न बैंकले हालसम्म देशको विभिन्न ३,७०० भन्दा बढि




स्थानहरुबाट POS तथा १२,००० भन्दा बढि स्थानहरुबाट QR Code Scan सेवा प्रदान गर्दै आइरहेको छ । ग्राहक महानुभावहरूले मर्चेन्टहरूको बारेमा विस्तृत जानकारी प्राप्त गर्न यस बैंकको वेबसाइट www.nicasiabank.com मा हेर्न सक्नुहुनेछ । बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३१९ शाखा कार्यालयहरु, ४४६ एटिएम, १०३ वटा एक्स्टेन्सन काउण्टर एवं ५२ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । करिब २१ लाख ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशिकरणका लागि मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

# बैकिङ्ग संसार

## बैंक अफ काठमाण्डू लिमिटेडको BOK सहज बचत खाता सार्वजनिक

बैंक अफ काठमाण्डू लिमिटेडले आफ्नो २५ औं वर्ष पूरा गरेको उपलक्ष्यमा ग्राहक महानुभावहरुको आवश्यकता तथा ग्राहक वर्गको उच्चतम् लाभ लाई मध्यनजर गर्दै **'BOK_सहज बचत खाता'** सार्वजनिक गरेको छ । ग्राहक महानुभावसगंको २५ वर्षसम्म निरन्तर सहयात्राको शुभ अवसरमा सौगात स्वरुप बैंकले उक्त खाता संचालनमा ल्याएको छ । **"२५ वर्ष देखि**

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

**सफलतालाई सहज बनाउँदै"** भन्ने मुलनाराका साथ सार्वजनिक गरीएको उक्त खाता ग्राहक महानुभावहरुले मात्र रु २५ मा नै खोल्न सक्नुहुनेछ । उक्त बचत खातामा उच्चतम ब्याजदरको ब्यवस्था सहित थुप्रै निःशुल्क सुबिधाहरु रहेका छन । उक्त बचत खाताका विशेषताहरु निम्न बमोजिम रहेका छन ।

- वार्षिक ६% ब्याजदर
- न्यूनतम् मौज्दात रु २५ मात्र
- त्रैमासिक ब्याज भुक्तानीको सुबिधा
- पहिलो वर्ष निःशुल्क डेबिट कार्डको ब्यवस्था
- पहिलो वर्ष निःशुल्क मोबाइल बैंकिङ्गको ब्यवस्था
- पहिलो वर्ष निःशुल्क इन्टरनेट बैंकिङ्ग ब्यवस्था

साथै, अन्य ग्राहकमुखी विशेषताहरु सहित संचालनमा ल्याएको उक्त खाताले ग्राहक महानुभावहरुको जीवन अझ सहज बनाउने बिश्वास बैंकले लिएको छ । हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले ८७ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।

## कामना सेवा विकास बैंकको ऐतिहासिक जित

एस एस इभेन्टस् प्रा. लि. द्वारा टि.यु. अन्तराष्ट्रिय क्रिकेट मैदानमा आयोजित कर्पोरेट सुपर सिजन ६ क्रिकेट प्रतियोगिताको फाइनलमा कामना सेवा विकास बैंकले भारतीय राजदुतावासलाई हराउँदै प्रथम स्थान हासिल गर्न सफल भएको छ । उक्त प्रतियोगितामा उत्कृष्ट खेलाडी समेत कामना सेवाविकास बैंककै हेमन्त श्रीवात्स्तबभए र उनले यमाहाको एफजेटएस मोटरसाइकल प्राप्त गरे । उक्तप्रतियोगिताकाकुनै पनि खेलमा पराजितनभई




बैंकले यो ऐतिहासिकजितहासिल गरेको हो । खेलाडीहरुलाई हौसलादिनकालागि बैंककाप्रमुखकार्यकारी अधिकृत श्री प्रविन बस्नेत खेल मैदानमा नै पुग्नु भएको थियो । काठमाडौं ३०, ज्ञानेश्वरमा आफ्नै भवनमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमायी शाखा सहित १२० वटा शाखा कार्यालयहरुतथा ६२ वटा ATMमार्फत आफना ग्राहकहरुलाई सेवा प्रदान गर्ने भएको छ । साथै बैंकले ABBS, Internet Banking, Mobile Banking V5लगायतका माध्यमबाट समेत सम्पूर्ण बैंकिङ्ग सेवाहरु उपलब्ध गराउँदै आएको तथा समय सापेक्ष आफ्ना सेवाहरु थपगर्दै जाने बैंकको योजना रहेको छ ।

## गण्डकी विकास बैंकद्वारा सहयोग

काठमाडौं । गण्डकी विकास बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक दायित्व अन्तरगत एक कार्यक्रम आयोजनागरी पोखरा विरौटामा रहेको बालोदयटोल विकास समितिलाई डस्टविन हस्तान्तरण गरेको छ । कार्यक्रममा बोल्दै बालोदयटोल विकास समितिका अध्यक्ष गुरु प्रसाद गुरुङले आफ्नै टोल छेउमा आई सम्पूर्ण बैंकिङ सेवा प्रदान गरी टोललाई समृद्ध बनाउन बैंकले खेलेको भूमिका प्रति आभार व्यक्त गर्नुभयो । टोलविकास समितिका सल्लाहकार तथा बालोदय बोर्डिङ स्कुलका संस्थापक प्रचार्य दुर्गा पंगेनीले बैंकको




भूमिकाप्रति आफु सन्तुष्ट रहेको धारण राख्नुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत रेशमवहादुर थापाको अध्यक्षतामा सञ्चालित कार्यक्रममा नायव प्रमुख कार्यकारी अधिकृत छविन्द्रनाथ शर्माले स्वागत मन्तव्य राख्नुभएको थियो भने गण्डकी विकास बैंक, विरौटा शाखाका प्रबन्धक शिववहादुर कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक


# नाताले भरेको संस्था


कृष्ण बहादुर बोगटी काका
चक्रबहिल -१२, ललितपुर

हाम्रो देश नेपालमा अर्धशिक्षितको साथै आफ्नो परिश्रमले बिहान बेलुकीको छाक टार्न मुस्किल पर्ने दिनमा दुई छाक खान त धेरै परको कुरा हो, एक छाक पनि खान पाउदैनन् । त्यसमा पनि गरीबीकै कारण विभिन्न ठाउका मान्छेहरु खुल्ला आकासमुनि धरतीको विछ्यौना न आकासको छानो गरी रात विताउन बाध्य हुन्छन् । कैयोले पेट पाल्नकै लागि अर्काको घरमा भाडा माभ्ने र अर्काको घरमा हलिया बसी कलिलो उमेरमा शरिरले धान्नै नसक्ने कामको बोझ उठाउन विवश भैरहेका छन् । त्यो कुरा विभिन्न देश(विदेशबाट नेपाल घुम्न आउने गरेका पर्यटकहरुले पनि राम्ररी बुझे । त्यसपछि तिनै गरीबीको रेखामुनी पिल्सिएकाहरुको हितको लागि भनि तिनिहरुको अवस्था प्रति दयाभाव राखि सर(सहयोग दिन उत्सुक देखिदै आए । यता नेपालका केही टाठा(बाठा भनाउदाहरुले पनि तिनै गरीव र असहायहरुको उद्धारको नाममा विभिन्नसंघ संस्था खोलिदै आए । तिनै संस्थालाई विदेशी दाताहरुले पनि करडौं डलरको बर्सा गराए तर तिनै संस्था संचालक र उनकै आफन्त आसे पासेले नै ७५% कुम्ल्याउने काम गरे । लक्षित वर्गको लागि भने २५% पनि पुगेन । त्यस्मा आफ्नै नाता गोताका मान्छेले पाउने व्यवस्था मिलाएर त्यस्कै देखासिकी गरी अझ धेरै संस्थाहरु खोलिदै गए, विदेशी सामु गरीवकै नाममा हात फैलाउदै गए ति प्रत्येक संस्थाले । जति डलर आयो सबैले आ(आफ्नै स्थिति सुधारतर्फ लगाए । सबैजनाको व्यक्तिगत चाहानाहरु पुरा हुन थाल्या । हिजो सम्म शहरमा एउटा सानो कोठामा निर्वाह गरिरहेका संस्था संचालकहरुलाई तिनै गरीव को नामको डलरको मात लाग्यो । उनिहरुले आफ्नो संस्थाले गर्नु पर्ने कर्तब्य भुसुक्कै विर्से र आफ्नै प्रगती र उन्नतीको लागी कार्य गर्न थाले । जस्तै शहरमा आलिशान महल, विभिन्न ठाउमा घडेरी करोडको पजेरो आदी आदी ।

हिजो सम्म साधारण चामलको भात तरकारीको समेत मुस्किल पर्नेहरुलाई आज वास्मती चामल र चौरासी व्यन्जनले पनि चित्त नबुझ्ने भयो । उनीहरु ५ तारे होटलमा डिनर अर्डर गर्न पर्ने शौखहरु बढ्न थाल्यो । हिजो संस्थाको संचालक बन्नु भन्दा अगाडी साइकल समेत चढ्ने हैसियत नभएकाहरु आज करोडौको रिमोटवाला मोटर समेत ६।६ महिनामा फेर्ने शौख जाग्न थाल्यो । जुनलक्ष्य, उद्देश्यको साथ संस्था खोलिएको हुन्थ्यो काम त्यस्को विपरित हुन थाल्यो । चोर ढोकाबाट पस्न र निस्कन सिपालु नेपाली टाठा बाठाहरुले त्यो मौका राम्रो संग उपयोग गरे । न त कुनै हिसाव किताव नै देखाउनु पर्ने न त कुनै अडिट गरी देखाउनु नै पर्ने एक देढ बर्षमा दाताहरु आउने बेलामा कागज पत्रहरु यसो मिलाएर देखायो भैहाल्यो । दाता पनि खुशी डलर पनि पच्ने । हद्धै गरे गरीब बच्चा असहाय अपांग बाल श्रमिक सडक बालबालिका २।४ दिनलाई बटुलेर राख्यो, दातालाई देखायो दाता गएपछि सडक बच्चाबच्चीलाई दिएको लुगा समेत फुकाली लखेटिन्छ के त्यही हो मानव अधिकार, के त्यही हो सडक बच्चाले मानव अधिकराकर्मिको कुर्सिसम्म पुऱ्याएको पुरस्कार ।

## खेलकुद

# पोखरा रङ्गशालाको निर्माण कार्य अन्तिम चरणमा

आवश्यक पूवार्धारलाई मात्र जोड दिएर १३ औं साग खेल सम्पन्न गरिएको पोखरा रङ्गशालाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । पोखरा महानगरपालिका १० रामबजारमा ४१७ रोपनी क्षेत्रफलमा रहेको उक्त रङ्गशालालाई नेपालको वैकल्पिक अन्तर्राष्ट्रिय रङ्गशालाका रूपमा समेत लिइन्छ ।

भारतको ग्रेट स्पोर्ट्स इन्फ्रा इन्डियाले नेपालको एम ए कन्सट्रक्सन कान्तिपथ काठमाडौँसँग संयुक्त लगानीमा रु एक अर्ब २८ करोडको लागतमा उक्त निर्माण कार्यको जिम्मा लिएको हो । प्रारम्भिक सम्झौताअनुसार उक्त रङ्गशालामा १६ हजार पाँच सय दर्शक क्षमता भनिए पनि भविष्यमा हुन सक्ने दर्शकको चापलाई ध्यानमा राखेर अहिले २० हजार दर्शक क्षमताको प्यारापिट निर्माण गरिएको रङ्गशालाका आयोजना प्रबन्धक इन्जिनीयर दीपक बरालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले अहिले चैतसम्म १६ हजार पाँच सय क्षमताको मात्र सम्पन्न गर्नेछौँ । बाँकी अर्को सम्झौताबाट काम अघि बढ्छ ।" गत वर्ष फागुन २४ गते शिलान्यास गरिएको उक्त रङ्गशाला २०७६ असार मसान्तमा सम्पन्न गर्ने सम्झौता भएको थियो । सम्झौतमा चार महिनाभित्र सम्पन्न गर्ने भनिए पनि रङ्गशालामा हुने विभिन्न खेल गतिविधिले गर्दा निर्माणकार्यलाई बाधा पुऱ्याएको उहाँको भनाइ छ ।

अन्तर्राष्ट्रिय मापदण्डानुसार निर्माण गरिएको पोखरा रङ्गशालामा आम दर्शक, भिआइपी, अपाङ्गता भएका दर्शक र मिडियाका लागि उपयुक्त हुने गरी निर्माण गरिएको बरालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "१३ औं साग प्रतियोगिताका लागि आवश्यक तयारीलाई मात्र जोड दिएर खेल सम्पन्न गर्‍यौं, त्यसयता रङ्गशालाको काम धमाधम भइरहेको छ । अहिले करीब ९० प्रतिशत काम सकिएको छ ।" बरालले चैत महिनाभित्र रङ्गशालाको काम सम्पन्न गरिसक्ने जानकारी दिनुभयो । एक सय पाँच मिटर लम्बाइ र ६८ मिटरको चौडाइ रहेको फुटबल मैदानमा आठ र १० लेनको सिन्थेटिक ट्र्याक रहेको छ ।

राष्ट्रिय खेलकूद परिषद्का सदस्य राजेशकुमार गुरुङले चैतभित्र सम्पन्न गर्नलाई ताकेता गरिरहेको बताउनुभयो । उहाँले विभिन्न समयमा हुने मेघा इभेन्टले पनि यसको निर्माण कार्यमा अवरोध पुगेको बताउनुभयो । पोखरामा फागुन २२ देखि चैत १ गतेसम्म १८ औं संस्करणको 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आहा ! रारा गोल्डकप' हुँदैछ । उहाँले आहा गोल्डकपका लागि १३ हजार क्षमताको प्यारापिट निर्माण भइसक्ने जानकारी दिनुभयो ।

रङ्गशालाका लागि सिन्थेटिक ट्र्याक जर्मन र स्टिल स्ट्रक्चर भने फ्रान्सबाट झिकाइएको गुरुङको भनाइ छ ।

खेलकूद पत्रकार मञ्च गण्डकी प्रदेशका पूर्वअध्यक्ष केशव पाठकले रङ्गशालाको निर्माण कार्यलाई अब ढिला गर्न नहुने भन्दै चैतभित्र सक्नुपर्ने बताउनुभयो । उहाँले पछि थपिएको तीन हजार पाँच सय सिट क्षमताका लागि बोलपत्र आह्वान गरेर नवौँ राष्ट्रिय खेल अगावै सम्पन्न गर्नुपर्ने बताउनुभयो । पोखरा रङ्गशालाबाट देखिने माछापुच्छ्रेको सुन्दर दृश्यावलोकनले पनि यसको सुन्दरता थपेको छ भने यसलाई आकर्षक बनाउन विभिन्न विज्ञको सल्लाह र सुझावलाई लिएर तयार गरिएको छ । फुटबल मैदानको छेउमा सिन्थेटिक ट्र्याक राखिएको छ । रङ्गशालामा खेलाडीको चेन्जिङ रुम, भिआइपी, मेडिकल, मिडिया सेन्टर, १७ वटा शौचालय लगायतको सुविधायुक्त संरचनाहरु रहेका छन् ।

# कसरी कोरोना भाइरसले पेटमा हानी गर्छ ?

## स्वास्थ्य

चीनको वुहानबाट फैलिएको कोरोना भाइरस (कोविड १९) ले २६ वटा भन्दा धेरै देशहरुमा आतंक मच्चाएको छ । हरेक दिन मानिसहरु यो खतरनाक भाइरसको चपेटामा आइरहेका छन् । भाइरसबाट संक्रमित मानिसहरुको मृत्यु हुने क्रम बढ्दै गएको छ । भाइरसलाई गम्भीरता पूर्वक लिँदै विश्व स्वास्थ्य संगठनले संसारभरीमा स्वास्थ्य आपतकालीन घोषण गरेको छ ।

यो भाइरसका कारण मर्नेहरुको संख्या १,८८६ भन्दा धेरै भएको छ । सबैभन्दा धेरै मानिसहरु चीनमा मरेका छन् । चीन बाहिर कोविड १९ भाइरसले पाँच जना मानिसहरुको मृत्यु भएको छ । भाइरसबाट संक्रमित मानिसहरुको संख्या ७३,३२५ भन्दा धेरै भएको छ । कोरोना भाइरसबाट संक्रमित भएपछि शरीको अंगहरु कस्तो हुन्छ भन्ने बारेमा केहि जानकारीहरु निम्न प्रकार छ ।

फोक्सोलाई यसरी पुर्‍याउँछ हानी

कोविड १९ भाइरसबाट संक्रमित बिरामीहरुको प्राय: फोक्सो बिग्रन्छ । फ्लू जस्तै कोरोना भाइरस पनि सास सम्बन्धि रोग हो । यो भाइरस त्यस समयमा फैलन्छ, जब यो भाइरसबाट संक्रमित व्यक्तिले खोक्ने अथवा हाछ्यूँ गर्छ । यो रोगको विरामीसंगको नजिकको सम्पर्कमा आउँदा पनि यो भाइरसले प्रभावित गर्छ । यसको लक्षण पनि फ्लूको लक्षण जस्तै हुन्छ । यसमा ज्वरो आउने र सास फेर्न गाह्रो हुनुको साथै टाउको पनि भारी भएको महसुस हुन्छ । यही प्रकारको लक्षण निमोनियामा पनि हुन्छ ।

कोरोना भाइरसबाट संक्रमित व्यक्तिको फोक्सोलाई तीन चरणहरुमा चपेटामा लिन्छ ।

(भाइरल रिप्लिकेशन (भाइरलको रुपमा)

(इम्यून हाइपर (रिएक्टिविटी( प्रतिरक्षाको उच्चता)

(पल्मनेरी डिस्ट्रेक्शन (फोक्सोको विनाश हुने)

तर कोरोनाबाट संक्रमित सबै विरामी यी तीन चरणहरुबाट पार हुँदैनन् । २५ प्रतिशत मानिसहरुको शरीरमा अक्सिजनको कमी हुन्छ र सास रोकिन्छ । ८२ प्रतिशत कोविड १९ बाट संक्रमित विरामीहरु गम्भिर स्थितिमा पुग्छन् । तुरुन्त मृत्यु भने हुँदैन ।

जसरी निमानियाले दुवै फोक्सोलाई संक्रमित गर्छ, त्यसरी कोरोना भाइरसले पनि दुवै फोक्सोलाई आफ्नो चपेटामा लिन्छ र सास फेर्न गाह्रो हुन थाल्छ । फोक्सो संगसंगै हाम्रो शरीरको प्रतिरक्षा कोशिकाहरु पनि मर्न थाल्छन् । कोरोना भाइरसले इबोला र फ्लू भन्दा धेरै तिव्र गतिले फोक्सोलाई हानी पुर्‍याउँछ र फोक्सामा क्षति पुग्छ । विश्व स्वास्थ्य संगठनका अनुसार कोरोनाले बिरामीको



फोक्सोमा प्वाल पारिदिन्छ । कोरोना भाइरसका कारण मृत्यु हुनेहरुमा प्राय: जसोको फोक्सोमा अक्सिजन नपुग्नाले सास फेर्न गाह्रो हुन्छ, जसका कारण मृत्यु भएको हुन्छ ।

कसरी कोरोनाले पेटमा हानी गर्छ ?

सार्स र मर्स आउटब्रेकको क्रममा प्राय: बिरामीहरुलाई पातलो दिशाको समस्या देखिएको थियो । वैज्ञानिकहरु भन्छन् ('कोरोना भाइरस ग्यास्टिक बढाउनमा कतिको महत्वपूर्ण भुमिका निभाउँछन भन्ने कुरा अहिलेसम्म पत्ता लाग्न सकेको छैन ।'

कोरोनाका नयाँ केशहरुमा पातलो दिशा हुने र पेट दुख्ने समस्याहरु कम नै देखिएको छ । कोरोना भाइरस जब कुनै व्यक्तिको शरीरमा प्रवेश गर्छ, तब यसले शरीरको कोशिकाहरुलाई नष्ट गर्न थाल्छ । यसले शरीरको कोशिकाहरुमा तिव्र गतिमा आक्रमण गर्न थाल्छ र टिश्युहरुलाई पनि निस्क्रिय गरिदिन्छ ।

सार्स र मर्सको भाइरसले विरामीको अन्द्रालाई पंक्तिबद्ध गर्ने कोशिकाहरुलाई क्षति पुऱ्याउने भएकाले बिरामीलाई पातलो दिशा लाग्ने समस्या हुन्छ । तर कोविड १९ ले पनि यस्तो समस्या उत्पन्न गराउँछ कि गराउँदैन भन्ने बारेमा अहिले स्पष्ट भएको छैन ।

कोरोना भाइरस शरीरको शरीरको अन्य तन्त्रहरुलाई पनि प्रभावित गर्न सक्छ । मर्सको ९२ प्रतिशत विरामीहरुमा फोक्सो बाहेक शरीरको अन्य अंगहरुमा पनि प्रभाव हुन्छ भन्ने कुरा सन् २०१४ मा भएको एउटा सर्वेक्षणमा भनिएको थियो । यस्तो प्रभाव सम्पूर्ण शरीरमा हुन सक्छ । कोरोना भाइरसका कारण लिभर पनि नष्ट हुन सक्छ ।

# रामेछाप डायरी

## रामेछाप नपाले दियो हिंसावाट बच्ने आत्मरक्षा तालिम

रामेछाप नगरपालिकाको ३ दिने महिला हिंसा आत्मरक्षा कार्यक्रम सञ्चालन सम्पन्न भएको छ । रामेछापवाट हाम्रो संवाददाता बिनु रोक्का क्षेत्रीले दिएको जानकारी अनुसार । नगरपालिका स्तरीयका वडाहरुमा लक्षित गरेर एकस्कुल २ बालबालिका र एक शिक्षिकाहरुलाई नगरपालिकामा सहभागी गराई सार्वजानिक स्थलमा हुने महिला हिंसावाट कसरी बच्ने र आत्मरक्षा कसरी गर्ने जस्ता बिषयमा तालिम सञ्चालन गरिरहेको महिला बिकाश



साहायक निरिक्षक शरिता बुढाथोकीले जानकारी दिएकी हुन् । नेपाली समाजमा हुन सक्ने महिला हिंसावाट बच्नको लागि के के उपायहरु अपनाउनु पर्छ भनेर राष्ट्रियस्तरका करातेका प्रशिक्षक निरज न्यौपाने र कराते प्रशिक्षक बिद्या बिष्टलाई झिकाई बिद्यार्थीहरुलाई चेतनाको साथसाथै भौतिक रुपमा पनि टेक्निकल ज्ञान दिएर सशक्तिकरण गरेको उधृत गर्दै रोकाले बताएकी हुन् ।

महिलाहरु प्रति हुने सार्वजानिक यातायातमा हुने हिंसा, कहिलेकाही एकान्तमा हिडडुल गर्दा आइपर्ने हिंसा, पारिवारिक हिंसा, अप्रत्यासित हिंसा जस्ता समस्याहरु त्यस्ता हिंसाहरुलाई अन्त्य गर्न नगरपालिकाले यो बर्षवाट महिला हिंसा सम्बन्धि थुप्रै कार्यक्रम राखेको छ । त्यसैगरी १६ दिने लैगिङक हिंसा सम्पन्न गरिसकेको छ भने बालबालिकासँग मेयर बालबालिकासँग उपमेयर भन्ने कार्यक्रम पनि सम्पन्न भइसकेको छ । त्यसको अलवा अपाङग परिचयपत्र वडा. वडामा गएर सम्पन्न गरिसकेको छ । हेल्लो नगरपालिका जस्ता महत्वपुर्ण कार्यक्रमले परिचित कार्यक्रमहरु सञ्चालन गरि लैगिङग हिंसा बिरुद्धको अभियाँनमा रामेछाप नगरपालिकाको महत्वपुर्ण कार्य गरिरहेको देखिन्छ ।

## गौश्वाराको धार्मिक स्थल खाँडादेवि मन्दिर ओझेलमा

*- धनबहादुर थापा मगर*

काठमाडौं । दोरम्बा गाउँपालिका वडा न. ४ गौश्वरास्थित रहेको खाँडादेवि मन्दिर ओझेलमा परेको छ । खाँडादेवि मन्दिरको बारेमा धेरैलाई थाहा नहुन सक्छ । १९२२ सालमा स्थापना भएको गौश्वारको ओइमानटोलमा रहेको खाँडादेवि मन्दिर बुढापाकाहरुले दर्शनार्थीहरु छिमेकी जिल्ला काभ्रे, सिन्धुपाल्चोक, दोलखाबाट आउने गरेका थिए । कार्तिक पूर्णिमाका दिन ठूलो घूइचो लाग्ने गथ्यो अहिले यस ठाउँको स्थानीयले पनि संरक्षण नगरेको हुनाले र प्रचारप्रसारको कमीले ओझेलमा पर्दै आइरहेको मन्दिर संरक्षण जालबहादुर थापामगरले बताउनुभयो । यस मन्दिरको दोलखामा रहेको कलिन्चोक, चौब्रममा रहेको गुरासे , नाग्रे दक्ष राजाको चार छोरी मध्ये जेठी यस मन्दिरमा उत्पति भएको धार्मिकग्रन्थहरुमा रहेको पाइन्छ भनेर स्थानीयले भन्ने गरेका छन् । यस ठाउँलाई प्रचारप्रचारमा ल्याउन सके गौश्वारा र समग्र गाउँपाालिकालाई चिनाउने माध्यम हुने छ । टोकरपुर, दोरम्बा, गाल्बा, पासेवन, खारपानी, साल्मे, डोरखानी, निगुरेलगायतका स्थानीयहरु कार्तिक पूर्णिमाका दिन पुजाआजा गरि रातभर जागरण बसी बत्ती बाल्ने गर्थे । यस स्थालमा भक्तजनहरुको धेरै घुइचो लाक्थ्यो ।

## रामेछापमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने

रामेछाप नगर स्तरीय दोस्रो रास्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको तयारी तिब्र पारीएको छ । रामेछाप नगरपालिकाको आयोजनामा यहि फाल्गुण १६ र १७ गते २ दिन प्रतियोगिता गर्न लागिएको रामेछाप नगरपालिका खेल प्रशिक्षक टिकाराम मगरले जानकारी दिनुभयो । २ दिनसम्म सञ्चालन हुने प्रतियोगितामा



भलिबल, कबडी, , एथ्लेटिक्स , छात्र/छात्रा रिले दौड , हाईजम्प, लङजम्प, त्रीपलजम्प, ज्याभलिङ थ्रो र सटपुट लगायतका खेलहरु संचालन हुनेछ । प्रतियोगितामा नगर क्षेत्रका १३ वटा माध्यमिक बिद्यालयहरुले सहभागीता जनाउने छ्न । नगरपालिकाले यस अघि नै १३ वटा माविहरुलाइ प्रतियोगिताको तयारिको लागि आवश्यक खेल सामाग्री प्रदान गरिसकेको छ ।

## सुनापती गाउँपालिकाको भ्वाँसामा ल्होछार मनायो

रामेछाप । तामाङ समुदायको पर्व २१४७ औं ग्याल्पो ल्होछारको अवसरमा सुनापती गाउँपालिका-४ बेथानस्थित भ्वाँसामा शुभकामना कार्यक्रम भएको छ । सुनापती बुद्ध धर्म म्हनिपा आमा समुह भ्वासाद्धारा आयोजित कार्यक्रममा शुभकामना कार्यक्रम आयोजना गरिएको हो । म्यानिपा आमा समुहद्धारा अयोजित कार्यक्रमको प्रयोजन सुनापती भ्वासा च्यारिटी मेडिकल सेन्टरले गरेको छ । आफ्नो रितिरिवाज र परम्परा अनुसार ल्होछार पर्व मनाउन लागिएको सुनापती बुद्ध धर्म केन्द्र म्हानिपा आमा समुहका अध्यक्ष चेलिमाया तामाङले जानकारी दिनुभयो । सुनापती भ्वासा च्यारिटी मेडिककल सेन्टर प्रालिका सञ्चालक समेत रहनुभएका स्थानीय समाजसेवी एवं धर्मगुरु विमानसिंह लामाले मौलिक परम्परालाई निरन्तरता दिनको लागि शुभकामना कार्यक्रम गर्नु राम्रो भएको बताउनुभयो ।

# अख्तियारको फन्दामा पर्लान् गोकुल वास्कोटा (?)



मोहन पोखरेल

समय र परिस्थितीले मान्छेलाई कहाँ र कुन अवस्थामा पुर्‍याउँदो रहेछ भन्ने कुरा हालैका राजनीतिक व्यक्तित्व माथि घटेका घटनाले पुष्टि गर्दै गएको छ। यतिखेर सरकार र पार्टीलाई हाँक्ने विशिष्ट व्यक्तित्व कहलिएकाहरु धमाधम असक्षम वन्दैछन्। भ्रष्टाचार गर्ने र भ्रष्टाचारमुखि वन्दै जाने विशिष्ट स्वभाव भएका स्वनामधन्य राजनीतिक व्यक्ति विशेषका कारणबाट अहिलेको राजनीतिक संघिय संरचना वदलिंदै पुरानो इतिहासतर्फ मुलुक मोडिने होकि भन्ने व्यापक चर्चाको विषय वन्ने गरेको छ। सत्ता र प्रतिपक्ष देखि साना स्थलका पार्टीका उच्च व्यक्तित्व समेत कलंकित वन्ने गरेका छन्।

राजनीतिक क्रान्ति सम्भिएर आर्थिक क्रान्तितर्फ मुलुकलाई लैजानुपर्छ भन्नेहरु भ्रष्टाचारमुखि प्रवृतिका कारण धमाधम जेल पर्ने, सरकार छोड्नु पर्ने आदी कारण निश्चय पनि मुलुकका लागि शुभसंकेत मानिदैन। इतिहास वदलिने यस्तै-यस्तै स्वभाव भएका व्यक्तिका कारणले नै हो। संघिय सरकार देखि प्रदेश हुदै स्थानिय तह सम्मका सरकार भ्रष्ट प्रतिनिधिका कारण वदनाम हुने क्रम बढ्दो छ। केन्द्र देखि स्थानीय तह सम्मका जनप्रतिनिधि र तिनिहरुबाट बनेको सरकार कमिशन तन्त्र घुसखोर र डोजरमुखि बन्दै संघिय संरचनालाई जरै देखि हल्लाउने होडवाजीमा लागेको छ। जानी नजानी प्राप्त लोकतान्त्रिक गणतन्त्र माथि डोजर चलाउने राजावादी पनि होइनन् र कुनै शक्तिशाली कहलिएका विदेशी एजेण्ट पनि होइनन्। हुन् भने सत्तारुढ पार्टी र त्यसले सिर्जना गरेका अवैध कृयाकलाप नै वढि जिम्मेवार छन्। पार्टी विशेषका गुट-



उपगुट वाटै संघिय संरचना माथि नजानिदो किसिमवाट धावा वोलिंदैछ।

भर्खरै सरकारका प्रवक्ता समेत रहेका सुचना तथा संचार मन्त्री गोकुल वास्कोटा भ्रष्टाचारमुखि एउटा अडियो सार्वजनिक भएपछि नैतिकताका कारण राजिनामा दिन वाध्य भएका छन्। सेक्युरिटी प्रिन्टिङ्ग प्रेस खरिद प्रकरणमा २८ अर्वको अवैध विल वनाई १ अर्व भ्वाम पार्ने नियत उनमा रहेछ। त्यस मध्ये ७० करोड आफूलाई र वाँकी ३० करोड एकजना पार्टनरलाई बुझाउने सर्त २ महिना पहिल्यै भएको रहेछ। त्यस्तो विवादीत कुरो प्र.म. केपी ओली समक्ष पुगिसक्दा पनि प्रधानमन्त्री ले वास्कोटालाई कारवाही नगर्नु आश्चर्यको विषय वनेको छ। धन्न वाहिरबाट अडियो सार्वजनिक भयो, संचारमन्त्रीले नैतिकताको आधारमा राजिनामा दिए।

राजिनामा त आयो। तर सरकारको हुर्मत भयो। सरकार इमान्दार वन्न नसकेको प्रमाणित भयो। राजिनामा दिएकै भरमा गोकुल वास्कोटाले उन्मुक्ती पाउनु हुदैन। सम्बन्धित निकायले मुद्दा चलाउन पछि पर्नु हुदैन। प्रमाणहरु यथेष्ट भेटीएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारमा मुद्दा चलाउन अव ढिलाई गर्नु हुदैन। अख्तियार प्रमुखले पनि भनिसकेका छन् कि कुनै उजुरी विना पनि वास्कोटालाई पक्राउ गरी विशेष अदालतमा मुद्दा चलाउन सकिन्छ। अखितयार श्रोतले भनेको छ। संचार माध्यममा आएका समाचार पनि प्रमाणका आधार हुन् र त्यसैका माध्यमवाट पनि मुद्दा चलाउन सकिन्छ।

यसरी एक पछि अर्को गर्दै विशिष्ट व्यक्तिहरु (?) मा भ्रष्टाचार र कमिशनखोरी छाडा प्रवृति बढेका कारण राजनीतिक पार्टी जनातामा वदनाम भएका छन्। वदनाम हुने क्रम अझ बढ्दो छ। समय छदै यस्तो प्रवृत्तिलाई निराकरण गरिनुपर्छ र प्रधानमन्त्रीले भन्दा झैं भ्रष्टाचारलाई सून्य सहनशिलतामा झारिनु पर्छ। तव मात्र संघिय संरचनाको स्थायित्वमा वेल मिल्नेछ। हैन भने मुलुक भयावह अवस्थामा फस्नेछ। निस्कने वाटो कहि हुने छैन।

## पौडेल कांग्रेस छोडी राप्रपा संयुक्तमा प्रवेश

काठमाडौं, २०३६ सालदेखि भूमिगत रुपमा तत्कालीन पञ्चायती व्यवस्थाको विरुद्धमा सकृय भएका र हाल पनि नेपाली कांग्रेस पार्टीको सकृय सदस्य रहेका चाबहिलका सुबोध कुमार पौडेल नेपाली कांग्रेस पार्टीको नीति र कार्यदेखि असन्तुष्ट रही राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त)मा त्यसका राष्ट्रिय अध्यक्ष पूर्व मन्त्री डा. प्रकाशचन्द्र लोहनीको हातबाट टीका, माला तथा खादा लगाई सैयौं व्यक्तिहरुका साथ रा.प्र.पा. संयुक्तको केन्द्रीय कार्यालय चाबहिलमा आयोजित एक विशेष कार्यक्रममा पार्टी प्रवेश गरेका छन्।

सो पार्टी प्रवेश कार्यक्रमका पार्टी अध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले नेपाली कांग्रेससँग असन्तुष्ट भई राप्रपा (संयुक्त)मा प्रवेश गरेका सुबोध कुमार पौडेल साथै अन्य नवप्रवेशी पार्टीका कार्यकर्ताहरुको पार्टीले उचित मूल्यांकन गर्दै पार्टीप्रति वितृष्णा आउन नदिन बताउँदै पौडेलसहितका नवप्रवेशी कार्यकर्ताहरुको राप्रपा संयुक्तमा स्वागत तथा उनीहरुको प्रवेशले राप्रपा संयुक्त थप संगठित र मजबुत भएको बताउनुभयो र भन्नुभयो "पार्टीले सकृय कार्यकर्ता पाएको छ। सुबोध पौडेलको व्यक्तित्वको राप्रपा संयुक्त पार्टीभित्र उचित कदर र मूल्यांकन गरिनेछ।"

नेपाली कांग्रेसको तर्फबाट नव प्रवेशी पौडेलका पिता गोविन्द प्रसाद उपाध्याय पौडेलदेखि सुबोध पौडेलसम्म सकृय उनी हाल उपभोक्ता मञ्च नेपालको ४ नं. क्षेत्रको क्षेत्रीय सभापति रहेका छन्। पिता पूर्खादेखि कांग्रेसको तर्फबाट कृयाशील रहदै आएका उनी पार्टीभित्र बच्चा संस्कृति मौलाउँदै गएकोमा असंन्तुष्ट बनी नेपाली राजनीतिको बैकल्पिक शक्तिशाली स्रोत राप्रपा (संयुक्त)मा प्रवेश गर्न पाएकोमा खुसी व्यक्त गर्दछन्। राप्रपा संयुक्तका अध्यक्ष मण्डलका अर्का नेता पशुपति शम्शेर जबरा महामन्त्री ध्रुव बहादुर प्रधान लगायतका व्यक्तिहरुले पनि यस समाचार स्रोत समक्ष सुबोध पौडेलजस्तो नेकाभित्र ओज बोकेको व्यक्तित्वलाई पार्टीभित्र स्वागत गर्न पाउँदा हर्सित बनेको विचार व्यक्त गर्दै कुशल संगठनकर्ताको खाँचो पूरा हुन गएको र पौडेललाइ पार्टीले सम्मानजनक स्थान प्रदान गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

साबधान ! बोक्सीको नाममा यातना दिनबाट रोकौं, थाहा पाउने वित्तिकै प्रहरीलाई खबर गरौं



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## वडा अध्यक्ष अनशनस्थलवाट अस्पतालमा

चितवन। चितवन जिल्लाको माडी नगरपालिकामा ४ दिनदेखि जारी आमरण अनसन तथा स्थानीयवासीको माग पुरा गराउन अनशन बसेका वडा अध्यक्षलाई स्वास्थ्यमा गम्भिर समस्या देखिएपछि भरतपुरको अस्पतालमा भर्ना गरिएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु सम्बन्धी ऐन २०२९ को विनियम संशोधन गर्न बनेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण र पाँचौं संशोधन नियमावली




२०७६ ले माडी जस्तो महत्वपूर्ण क्षेत्रलाई खासै सम्बोधन गर्न नसकेको हुँदा मानव अधिकार सहितको संरक्षणका लागि पुनः संशोधन हुनु पर्ने, बाँदरझुला साथै अमिलियामा बसोबास गरिरहेका नागरिकको उचित व्यवस्था गरिनु पर्ने, मानव वन्यजन्तु द्वन्द निवारणका लागि ठोस रुपमा वन र वस्ती बीच बैज्ञानिक संरचना बनाउनु पर्ने, उत्तरी सीमामा पर्ने रीउखोला कोरीडोरको निर्माण व्यवस्थित गरिनुपर्ने, लागत तथा उत्पादनको आधारमा वालीको क्षतिपूर्तिको व्यवस्था गरिनु पर्ने, कसरादेखि वनकट्टा साथै वगही देखि बाँदरझुलासम्म बाटो स्तरोन्नती गरि चौविसै घण्टा खुला राख्नु पर्ने, माडी नगरपालिकालाई कृषि पर्यटन हबको रुपमा विकास गर्न विशेष योजना ल्याउनु पर्ने, प्राकृतिक स्रोत साधनमा पूर्ण रुपमा स्थानीय तहको अधिकार हुनु पर्ने राखेर १ का वडा अध्यक्ष कृष्णप्रसाद पौडेल, वडा सदस्यहरु– शिवबहादुर कार्की र अमिता लामाले फागुन ७ गते प्रजातन्त्र दिवसका दिनदेखि वडा कार्यालय अगाडि आमरण अनसन शुरु थिए। अहिले उनलाई भरतपुरको सरकारी अस्पतालमा आईसियुमा राखिएको छ।

## सरकारी कागजात कीर्त्ते गर्ने चार पक्राउ

काठमाडौं। नेपाल प्रहरीले सरकारी कागजात कीर्त्ते गर्ने चारजनालाई पक्राउ गरेको छ। प्रहरीले विभिन्न सरकारी कार्यालयका कागजात कीर्त्ते गर्ने बाजुराका २८ वर्षीय रमेशबहादुर कटुवाल, २६ वर्षीय जनक कटुवाल, २८ वर्षीय प्रकाश कटुवाल र ललितपुरका ४० वर्षीय शिरबाबु महर्जनलाई आइतबार उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरेको हो। पक्राउ परेका रमेश, प्रकाश र जनकले सरकारी कागजात ललितपुर महानगरपालिका १९ लगनखेलमा रहेको शिरबाबुको एलपी छापाखानाबाट छाप्ने गरेको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ।

# अन्तराष्ट्रिय समाचार

## भाजपाद्वारा चुनावमा पराजयका कारण खोल्दै

भर्खरै सम्पन्न दिल्ली विधानसभा चुनावमा ठूलो पराजयको सामना गरेको भारतीय जनता पार्टी (भाजपा) ले निर्वाचन परिणामको समीक्षा सुरू गरेको छ। भापजाले प्रत्येक निर्वाचन क्षेत्रमा केन्द्रित बनेर हारको कारण पत्ता लगाउन आफ्ना नेता तथा कार्यकर्तालाई परिचालन गरेको हो।

भाजपाको उच्च स्रोतका अनुसार केन्द्रीय नेतृत्वले यी प्रत्येक क्षेत्रका नेताहरुलाई भेट्न पाँच महासचिव, उपाध्यक्ष तथा सचिवलाई दिल्ली राज्यमा पठाएको छ। "ती नेताहरूले आफ्नो हारको कारण अनुसन्धान गर्न प्रत्येक निर्वाचन क्षेत्रका उम्मेदवारहरूलाई भेट्नुपर्नेछ," स्रोतले थप्यो। आगामी निर्वाचनमा दिल्ली विधान सभा तथा लोक सभामा ५१ प्रतिशत मत ल्याउने लक्ष्यका साथ जिम्मेवारी तोकिएका नेताहरूले समीक्षा भ्रमणको तयारी गरिसकेका बताइएको छ। हालै सम्पन्न निर्वाचनमा केजरीवाल नेतृत्वको क्षेत्रीय दल आम आदमी पार्टी (आप) ले दिल्लीमा ७० सीटको विधान सभामा ६२ सीटको भारी अन्तरले भाजपा, भारतीय काँग्रेसजस्ता केन्द्रीय पार्टीलाई पराजित गर्दै शक्तिशाली सरकारको गठन गर्न सफल बनेको छ। भाजपाले दिल्ली विधान सभालाई आफ्नो पकडमा पार्न आक्रामकरूपमा निर्वाचन प्रचार प्रसार अभियान सञ्चालन गरेको भएपनि मात्रै आठ सीट ल्याउन सफल भएको थियो। केन्द्रमा प्रमुख प्रतिपक्षी लामो समय भारतमा सरकारको नेतृत्व गरेको काँग्रेसले भने दिल्लीबाट एक सीट पनि ल्याउन सकेको थिएन।

## चीनमा सबैभन्दा ठूलो स्वास्थ्य संकट

चीनमा दुई हजार ४०० भन्दा बढीको ज्यान लिएको नयाँ कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण चीनमा कम्युनिष्ट पार्टीको शासन सुरू भएपछिको 'सबैभन्दा ठूलो स्वास्थ्य सङ्कट' भएको चिनियाँ राष्ट्रपति सी चिनफिङले आइतबार बताउनुभएको छ। चीनमा माओत्सेतुङको नेतृत्वमा चिनियाँ सांस्कृतिक क्रान्ति सफल भएसँगै सन् १९४९ मा कम्युनिष्ट शासन सुरू भएको थियो। सङ्क्रमण नियन्त्रणका लागि चीनले देखाएको तदारूकताबीच पनि रोगलाई नियन्त्रणमा ल्याउन कठिनाई भएकोतर्फ सङ्केत गर्दै उहाँले भन्नुभयो, "चीनले 'सतहमा देखिएको प्रष्ट कमजोरी' बाट सिक्नु जरूरी हुनेछ।"चीनको राज्य सञ्चलित टेलिभिजन च्यानल सीसीटीभीले प्रशारण गरेको रिपोर्टमा बताइए अनुसार सीले भन्नुभयो, " कोभिड-१९ को प्रकोप शीघ्र र ठूलो क्षेत्रमा भएका कारण यसको रोकथाम तथा नियन्त्रणमा निकै कठिनाई भएका हो "यो हाम्रा लागि एउटा सङ्कट अनि ठूलो परीक्षण हो," उहाँले भन्नुभयो। चीनमा कोभिड-१९ का कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या चीनमा मात्रै दुई हजार ४०० पुगेको र मुख्यभूमि चीनमा ७७ हजारभन्दा बढीमा उक्त भाइरसको सङ्क्रमणको पुष्टि भएपछि चिनियाँ राष्ट्रपति सी चिनफिङको यो प्रतिक्रिया आएको छ। यसैबीच चीनमा भने कोरोना भाइरस सङ्क्रमणका नयाँ विरामीको सङ्ख्यामा पछिल्ला केही दिन यता घट्दो क्रममा देखिएको छ। राष्ट्रपति सीले आइतबार पहिलो पटक कोरोना भाइरस सङ्क्रमणको महामारीले 'निश्चितरूपमा अर्थतन्त्र र समाजलाई व्यापक असर पार्ने' बताउनुभएको छ। यद्यपि यसको असर 'छोटो समयका लागि रहने अर्थात् यसको नियन्त्रण सम्भव' भएको उहाँले बताउनुभयो।

## जापानी पानीजहाजमा आएका कोरोना संक्रमित तेस्रो यात्रुको मृत्यु

डायमण्ड प्रिन्सेस नामक एक पानी जहाजमा जापान पुगेका थप एक कोरोना भाइरस सङ्क्रमितको आइतबार मृत्यु भएको छ। योसँगै कोरोना भाइरस सङ्क्रमित उक्त जहाजका तेस्रो यात्रुको मृत्य भएको छ भने आइतबारको यो घटनासँगै जापानमा कोरोना भाइरसका सङ्क्रमणका कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या चार पुगेको छ। उक्त जहाजमा आएका र कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएका दुई अन्य वृद्धको बिहीबार मृत्यु भएको थियो । पानी जहाजमा जापानी सहर योकोहामा पुगेका ८० वसन्त पार गरेका एक जापानीको कोरोना भाइरसको सङ्क्रमणका कारण मृत्यु भएको जापानी स्वास्थ्य मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गरी पुष्टि गरेको छ। उनी कोरोना भाइरसको सङ्क्रमणभन्दा पहिले अन्य रोगबाट समेत विरामी रहेका बताइएको छ। ती वयोवृद्ध व्यक्तिलाई सङ्क्रमणको पुष्टिपछि स्थानीय एक अस्पतालमा छुट्टै राखी उपचार भइरहेको थियो। मन्त्रालयले ती तीनै जनाको मृत्युको कारण निमोनिया भएको बताएको छ तर ती तीनै जनामा कोरोना भाइरसको सङ्क्रमण भने यस अघि नै पुष्टि भैसकेको थियो। डायमण्ड प्रिन्सेसमा आएका ती यात्रुमध्ये ६०० जनाभन्दा बढीमा कोरोनाको सङ्क्रमण पुष्टि भएको र दर्जनौंको स्वास्थ्य अवस्था गम्भीर रहेको बताइएको छ। एशियाली उक्त मुलुकमा कूल ८०० ब्यक्तिभन्दा बढीमा कोरोनाको सङ्क्रमण पुष्टि भएको छ। दक्षिण कोरियामा प्राणघातक कोरोना भाइरसको सङ्क्रमण तिब्र रुपमा फैलिएको पाइएको छ। केहीदिनदेखि सङ्क्रमितहरुको संख्या बढ्दै गएकोमा शनिबार थप १२३ जनामा सङ्क्रमण देखिएको छ। कोरियामा योसँगै कुल सङ्क्रमितको सङ्ख्या ५५६ पुगेको छ। त्यसैगरी मृत्यु हुनेको संख्यामा पनि दुई जना थपिएर चार जनाको मृत्यु भएको अधिकारीहरुले जानकारी दिएका छन्। मृत्यु भएका चार जनामध्ये एक पुरुषको चेङ्दुस्थित अस्पतालमा मृत्यु भएको हो। देशको दक्षिणी क्षेत्रमा पर्ने सो सहरमा रहेको अस्पतालमा अरु १०० जना विरामी रहेका छन्। पछिल्लो समयमा भेटिएका सङ्क्रमितमध्ये ७५ जना अर्को दक्षिणी सहर डाएगुमा रहेको शिन्चेन्जी इसाई चर्चमा भेटिएका हुन्। कोरियाली प्रकोप नियन्त्रण तथा रोकथाम केन्द्रले दिएको जानकारी अनुसार चर्चमा सहभागी भएका मध्ये सयौंलाई कोरोना सङ्क्रमण भएको छ। चर्चमा पहिलो सङ्क्रमण यही फेब्रुअरी १० तारिखका दिन ६१ बर्षीया एक महिलामा देखिएको थियो। त्यही नै पछि फैलिंदै गएको अधिकारीहरुले जनाएका छन्। कोरियाको डाएगु सहर देशकै चौथो ठूलो शहर मानिन्छ जहाँ २५ लाख मानिस बस्छन्।

## टर्कीमा आएको भूकम्पमा परी सातको मृत्यु

टर्कीमा आएको भूकम्पमा परी आइतबार कम्तीमा सात जनाको मृत्यु भएको छ। टर्कीका आन्तरिक मामिलामन्त्री सुलेमन सोयलुले दिएको जानकारीअनुसार मृत्यु भएका मध्ये तीन जना बालबालिका रहेका छन्। भूकम्पका कारण अरु पाँच जना घाइते भएको र उनीहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको पनि उहाँले बताउनुभयो। उहाँले भूकम्पपछि भत्किएका भौतीक संरचनामा अरु केही व्यक्ति पुरिएको हुनसक्ने आशंका गरिएको पनि जानकारी दिनुभयो। पुरिएकाको खोजीकार्य भइरहेको पनि उहाँले बताउनुभयो। छिमेकी मुलुक इरानसँग सिमाना जोडिएको टर्कीको पूर्वीक्षेत्रमा पर्ने सराएलाई केन्द्रविन्दु बनाएर ५.७ म्याग्नीच्युडको भूकम्प गएको हो।



# शुभप्रभात साहित्य पुन्जको कार्यक्रमा प्रस्तुत छोरीको कर्म कृतिमा मेरो धारणा

दामोदर ढकाल 'दीपक'

**आकाश हेर्दा निलो छ रङ्ग सेतो छ बादल**
**नपुगी लेखैँ कविता मैले होला नि खलबल ।**

यस सभाको सभापतित्व गरिरहनु भएकी,शुभप्रभात साहित्य पुन्जकी अध्यक्ष आदरणीय मनु शर्मा ज्यू, प्रमुख अतिथि ससस्त्र प्रहरि नायव उपरिक्षक नारायण प्रसाद पौडेल ज्यू, वरिष्ट गजलकार प्रकट पंगेनी शिवज्यू, साहित्यकार भरत आचार्य ज्यू, साहित्यकार एवं चित्रकार कृष्ण मरासिनी ज्यू, वरिष्ट गजलकार आवाज शमार्ज्यू, ममता परियार ज्यू, ससस्त्र प्रहरि नायव निरिक्षक हेम गुरूङ ज्यू,ससस्त्र प्रहरि नायव निरिक्षक रूद्र परियार ज्यू, ससस्त्र प्रहरि सहायक निरिक्षक दिपेन्द्र विष्ट, ससस्त्र प्रहरि हवल्दार सरिता घर्ती ज्यू, साबित्रा खाती ज्यू, रमा कोइरालाज्यू, लक्ष्य चन्द ज्यू, साहित्यकार विनोद श्रेष्ठ ज्यू, रमा खतिवडा ज्यू,एव आज लोकापर्ण हुन लागेको कृति छोरीको कर्मकी लेखिका विष्णु परियार ज्यू लगायत उपस्थित सम्पूर्ण साहित्यकार एवं साहित्यानुरागीहरूमा हार्दिक नमन ।

**श्वास नि किन छिटो न छिटो छ धडकन चलेको**
**शरीरभित्र किन हो किन आगो छ बलेको**
**आमा हात खुट्टा गलेको**

सुन्दर जिल्ला सुर्खेतको चिङगाड ५ अवलचिङ सुन्दर गाउँमा जसविर राजु परियार र गंगा परियारकी सुपुत्री विष्णु परियारको छोरीको कर्म काव्य माथि म आफ्नो धारण पेश गर्दछु । मैले यो काव्य शुरूदेखि अन्त्यसम्म पढैं । मार्मिक कथा बस्तुमा उनीएको यो काव्य उपन्यास पढ्दा भन्दा पनि छोड्न मन नलाग्ने छ ।

छोरीको कर्म काव्यमा एउटा कुरा लेखिकाले शुरूमा लेख्न चुकेकी हुन् कि या थप बुद्धिमता प्रस्तुत गर्न खोजेकी हुन म अन्योलमा परे । पृतिसतात्मक सोच भएको समाजमा छोरा र छोरीलाई जन्मनासाथ गरिने विभेदका कुरा उठान गरेकी छैनन् ।

मित्रहरूलाई समपर्ण पश्चात कवि विष्णु एकैचोटी जवानीमा पुगेकी छिन् । कविले अलिकति मात्र बाल्यावस्थाका कुरा पनि हालिदिएको भए पाठक क्रमशः क्रमश तानिने थिए । तर जे होस् जन्मघर छाडेर कर्मघर गएपछि मात्र छोरी कर्म शुरू हुने हुँदा यो चलाखी पनि गरेको हुनुपर्छ ।

**खाना बनाई सकेर मैले ओछ्यान मिलाए**
**के कुरा गरे भनी झ्यालबाट चिहाएँ ।**

यहाँ नेर कविले जवान छोरीको मनोृविज्ञानलाई दुरूस्त उर्तार्ने कर्म गरेकी छिन् । आफै भोगिन या समाज हेरेर लेखिन् । जे होस् यर्थाथता झल्केको छ ।

केटी माग्न आउदा पाहुनाले बोल्ने भाषलाई जादुमय ढङ्गले उतारेकी छिन् सरल शब्दमा

**जात नि मिल्ने, गुण नि मिल्ने छ एउटै कुलको**
**मेरो पनि यहि एउटा छोरो थुङ्गा हो फूलको**

हामी सबैले बोल्ने यस्तै यस्तै बाक्य हो । यस्तै बाक्यलाई काब्यको मालामा सुन्दर ढङ्गले उनेकी छिन् । यसर्थ समाजको सजिव चित्रण यो काव्यमा पाइन्छ ।

**मन नि किन अँध्यारो भयो लाग्यो बादल**
**हिँडेको बाटो खेलेको माटो याद आयो झलल**
**आमा मन भयो कलकल**

यसरी काव्यले आफ्नो गति बढाउँदै लान्छ । बाबुले छोरी सँग गरेको बार्तालाप काव्यमा यसरी प्रस्तुत हुन्छ

**मलाई नि एउटी छोरी दिने थिएन मन नि**
**एउटी छोरी पाल्न नसक्ने के छैन र धन नि**
**छोरी के छैन धन नि**

यसरी काव्य अगाडि बढ्दै जान्छ । छोरीको विवाह हुन्छ । संस्कार र सामाजिक मूल्य मान्यता काव्यमा यसरी प्रस्फुटन हुन्छ

**आजबाट फेर्नै भयौ तिम्रै घरको नाउँ**
**आजबाट भन्ने भयौ मेरो माइती गाउँ**

यसरी बलिन्द्र आँसुका धारा बहाउदै रुदै गरेकी आफ्नी प्यारीलाई प्याराले सम्झाउछन्

**दुइटा मुटु एक बनाई बसौला रमाई**
**हातमा हात , दिएर साथ काँधमा समाई**
**प्यारी काँधमा समाई**

छोरी घर गइसकेपछि घर व्यवहार हुने नै भयो । व्यवहार संघर्ष र दुःख ले सामान्यतया हुने नै गर्छ तब छोरीले आमालाई फोन गर्छिन , केही कुरा लुकाउछिन् , । आमा छोरी फोनमा गन्थन मन्थन गर्छन । ठिकै छ छोरीले घर खाने भई भनेर आमा ढुक्क बन्छिन् ।

तर काव्य रोकिदैन, मायालु जोडी भएपछि प्रकृतिको बयान काव्यमा सुन्दर ढङ्गले गरिएको छ

**घरमाथितिर डाँडाभरि लेखियो हिमाल**



**मनमा सोचिन् प्रकृति क्या पूर्ण छ नेपाल**

बिवाहपछि समय ठिकठाक चल्दैछ । जब साथमा आफ्नो मान्छे हुन्छ तब नमिठो पनि मिठो, गालीपनि ताली, हिमाल हिरा, जुनतारा सुन यी देखिनु समान्य कुरा हो । त्यसमाथि कविमन सधैँ सकारात्मक सोच्छ र सुन्दर देख्छ ।

विडम्बना नेपाली काव्य परम्पराले आँसु धेरै मनपराउछ । खुसी चिमोचिएको र निमोठिएको हेर्न मन पराउछ । काव्य अव त्यतातिर छलाङ्ग मार्दैछ ।

आशिष पढ्नको लागि भनेर शहर लाग्छ । तब काव्य यसरी सृजना हुन्छ :

**मुटुमा गाठो परि गो प्यारा राम्ररी जानु है**
**भुटेको सातु, हालेको रोटी बाटोमा खानु है ।**

काव्यको नायक झन के कम फर्काउछ जवाफ :-

**मलजल पानी हाली फूल गरे है सुसार**
**सम्भार गर, मेरो भर पर कोपिला नझार ।**

जब आशीष शहर जान्छ तब बिस्तारै परिस्थिति प्रतिकुल बन्दै जान्छ । काव्यमा रोदनको छनक यसरी देखिन्छ

**जीवन मेरो रहेछ आखिर उडेको चरा झै**
**अहिले यहाँ भोलि कहाँ बस्ने हो पर गै ।**

बिस्तारै बिस्तारै सासुले माया गर्न छाड्छिन् । लोग्नेले फोन समेत गर्दैन । प्रेमको निशानी बच्चा पेटमा चल्छ । उनलाई आपत विपत र कठिनाई पर्छ । आत्महत्या गरूँ गरूँ लाग्छ तब काव्यामा यी हरफ उदाउछन् :-

**शरीरभित्र त्यो तिम्रो रगत हुर्कदै गाको छ**
**घरमा भने नराम्रो गर्छन् मरू झै भाको छ ।**

यो विषम परिस्थितिमा पनि प्यारालाई सम्झिदै प्रार्थना गर्दै बस्छिन उनी । उनलाई विभिन्न आरोप लाग्छन् । पोइ मारेको , समान बिगारेको लछिन नभएकी अलच्छिनी के के हो के के । सासुले दिनरात भन्छिन् जब तेरो पोइ त तेरो भएन , केलाई यहाँ बस्छेस गैहाल, निस्की

**अझै पनि लागेन तलाई मैले यहाँ बोलेको**
**तेरै भलो निम्तिको लागि हो दिन खोलेर**

सासुका वचन र टर्चर सहन नसकेर , अँध्यारैमा छोरो र कुम्लो बोकेर हिड्छन् उनीः-

**बाहिर आँगन सम्म पुग्दा गाईवस्तु करायो**
**कुनैबेला सिन्दुर हाल्ने आज काँ हरायो ।**

उनी घनघोर जंगलको बाटो उतै सहर लाग्छीन, आमा सम्झिन्छिन् । मनमा डर त्रास र भय छ ।

**सहरको ठाउँ चिनेको छैन कसरी जाने हो**
**के मिल्ला काम बच्चा छ सानो कसरी खाने हो**

यसरी बिहे गरेर दिइसकेपछि घर खानु पर्छ भनेर चेलीलाई वास्ता चासो नगर्ने माइतीलाई पनि धिक्कारिन । खुट्टा बाटोमा हिँडिरहेको भएपनि मन कहाँ कहाँ डुलिरहेको थियो । हिड्दै जाने क्रममा बाटोमा एउटी महिलासँग भेट हुन्छ । उनीसँग कुराकानी गर्छिन् । उनी अत्यन्त सहयोगी हुन्छिन् । उनकै सहायताबाट होटेलमा काम गर्न थालिन् । छोरा निशानलाई पठाउन थालिन् । क्रमशः छोराले पनि आमाको दुःख बुझ्ने भयो । उसमा आफ्नो बाबा चिन्ने अभिलाषा जाग्यो । साथी भाइले विना बाबुको छोरो भन्दा चित्त दुखाउथ्यो । तर पनि उसले आमाको दुःख बुझ्थ्यो ।

**लुटेर लगिस हे ईश्वर खुसी मन भित्रको**
**के पाए ईश्वर पुजी तेरो फोटो त्यो चित्रको ।**

तर छोरालाई सम्झाउछिन् उनले

**कसरी सम्झाउँ हे मेरो पुत्र छौ तिमी अन्जान**
**अनेक कष्ट सहुँला मैले केही पिर नमान ।**

यसरी समय बित्दै गयो । छोरो हुर्कदै थियो । दुःख सुखका कुरा गर्थे । आमा छोरालाई र छोराले आमालाई सम्झाउथे । भो म पढ्दिन बरू गाउँ जाउ भन्थ्यो छोरोः-

**गाउँमा जाऊ काम गरि खाउँला म स्कूल पढ्दिन**
**पाल्नेछु आमा म ठूलो भई त्यत्तिकै सड्दिन ।**

सहरबाट आमा छोरा वाक्क भएको बेला माइतीबाट बुवा सिकिस्त भएको खबर आउँछ । उनी माइती जान्छिन् । तर बुबाको अन्तिम अवस्था थियो । बुबाले सबैको छेऊमा उनले विदा लिए :-

**आकाश माथि उड्यो धुवाँ हावामा मिसियो**
**सकियो देह जलेर आगो पानीइमा चिसियो ।**

बुवाको मृत्युपछि उनी माइती मै बसिन् । छोरालाई स्कुल पठाउन उनी बालुवा र गिटी बोक्न तयार भइन । छोरो स्कुल जान थाल्यो तर ६,७ महिना पछि फेरी अर्को संकट । लोग्ने भनाउँदोले छोरालाई पनि उनी काममा गएकोबेला छोरो लगिदियो । अब भने उनको जीवन रित्तो , रित्तो , रित्तो ....।

**हे ईश्वर कसरी बाँचु क्यै छैन बाँच्ने आश**
**दुःख पाए धेरै नै मैले पोइ रैछ बदमास ।**

**सडेको मान्छे सडेकै हुन्छ रोकेर रोकिन्न**
**पीडाको भारी गरूङ्गो रैछ बोकेर सकिन्न ।**

**तिम्रै भो जित बुझेनौ कहिल्यै नारीको मर्म**
**दुःख र पीडा भोग्नु नै पर्ने छोरीको कर्म ।**

यसरी यो कृति सकिन्छ । पढिरहुँ लाग्ने यो कृति नेपाली साहित्यमा ताराको रूपमा चम्कने छ ।

गाउँ घरमा मेला पर्व, पुजा पाठ, घाँस दाउँरा गर्दा यो काव्यभित्रका सिर्जनाहरू गुन्जने छन् । लेखिकालाई हार्दिक साधुवाद, कृति सफलताको शुभकामना ।

धन्यवाद

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
लाइन्स चोक, नारायणगढ, चितवन
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

## मोवाईल सिमप्रयोग सम्वन्धमा नेपाल दूरसञ्चार प्राधिकरणको अत्यन्त जरुरी सूचना

नेपाल सरकारले विद्युतिय प्रविधिमार्फत जनतालाई सरकारी सेवा प्रवाह गर्ने उद्देश्यले नागरीक एप्स (Citizen Apps) तयार गरी लागु गर्न गई रहेको छ । उपभोक्ताहरूले प्रयोग गर्ने मोवाईल नम्बरलाई नागरीकको पहिचानको माध्यम बनाउदा सहज र सरल समेत हुने भएकोले उपभोक्ताको मोवाईल नम्बर नै सरकारी नागरीक एप्स (Citizen Apps) संग लिंक गराउने उद्देश्य रहेको छ । यसको लागि सम्पुर्ण उपभोक्ताहरूले आफ्नो नाममा दर्ता भएको सिम मात्र प्रयोग गर्ने र यदी अन्य कसैको नामको सिम प्रयोग गर्नु भएको भए आफ्नो नाममा रजिष्ट्रेशन गरेर मात्र प्रयोग गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
श्रीकुञ्ज, कमलादी, काठमाडौं
फ्याक्स ९७७-१-४२५५२५०
इमेल : ntra@nta.gov.np
info@nta.gov.np

## ग्लोबल.....

धक्कीपुर्ण भाषामा कृष्ण अधिकारीलाई थर्काएका थिएरे यो कृष्ण अधिकारीको भनाई हो ।

त्यसपछि निक्कै दिन सम्म ति जसले ग्लोबल आईएमई बैंकमा पैशा जम्मा गरेर राख्न चाहेका थिए । ति ब्याक्तिको बिजोग भयो होला भनेर अधिकारी स्वमले सहयोग गरी दिएको बताएका छन् ।

ग्लोबल आईएमई बैंकमा गाभिने निर्णय सँगै जनता बैंकका सञ्चालकहरु ग्लोबलको फितलो ब्यवस्थापन र जोखिम देखेका सञ्चालकहरु लंक बहादुर केसी, राम बहादुर भण्डारी, गौतम प्रसाद खनाल त्यतिवेला नै आफ्नो सेयर निकालेर बाहिर बसेका थिए ।

अहिले पछिल्लो समय ग्लोबल आईएमई बैंकका केही सञ्चालकहरु पनि बैंकको बिग्रदो ब्यवस्थापन बैकका र मनोमानी ढंङवाट बैंक चलेको देखेर आफ्नो लगानी डुब्ने डरले लगानी झिक्न लागेको उच्च स्रोतवाट हामीलाई प्रप्त भएको छ ।

त्यसकारण ग्लोबल आईएमई बैंकमा लगानी असुरक्षित बन्दै गएको अनुमान लगाउन सकिन्छ ।

त्यसैगरी आईएमई ग्रुप अर्न्तगतका कम्पनीहरुमा पनि बिभिन्न खालका समस्या उत्पन्न भईरहेको देख्न सकिन्छ । आईएमई ग्रुपले चन्द्र गिरीमा बनाएको केवलकार, होटल, पार्क, सार्वजानिक जग्गामा वातावरणीय मापदण्ड नपुर्‍याई काम गरेको भनेर स्थानीयहरुको बिरोध हुदै आएको छ । तर त्यो बिरोधलाई चन्द्र ढकालले राजनीतिक पावरको आडमा स्थानीयको बिरोध दवाउदै आएका छन् ।

त्यसैगरी आईएमईमा कार्यरत कर्मचारीहरुलाई अनिबार्य वीमा आफ्नै कम्पनीमा गर्नु पर्ने बाध्यता थुपारेर कर्मचारीहरुको ब्यात्तिगत स्वतनत्र हनन् गरेर कर्मचारीले आफ्नो बालबच्चा पाल्न पाउनुपर्ने रकम महिनापिछे कटाएर लाने गर्दा निक्कै अप्ठ्यारोमा परेको । कर्मचारी माथि दमण गरेको आईएमई ग्रुप अर्न्तगत काम गर्ने कर्मचारीले नाम नबताउने सर्तमा हामीसँग दुखेसो पोखेको हुन् ।

बिग्रेका सवारी साधन बेच्दै आईएमई ग्रुप

आईएमई ग्रुप अर्न्तगतको आईएमई अटोमोभिज अर्थात अशोक लिल्याण्डले भारतमा उत्पादित भारतमा बिग्रेर बसेका र कबाडीमा फाल्न तयार पारेका सवारी साधन नेपालमा ल्याई रङरोगन गरेर प्रचार प्रसारमा लगानी गरेर राम्रो भनि नेपाली बजारमा पठाई नेपाली अटो वजारमा नेपाली ग्रहकहरुलाई गुणस्तर हिन सामान बिक्री बितरण गर्दै आइरहेको आरोप पनि अटो क्षेत्रमा काम गरिरहेका ब्यवसायीको रहेको छ ।

आइएमई मनिटान्सफरको नाममा अवैध कारोवार

नेपालीहरु बाध्यताले बिदेशमा काम गर्न गएका छन् त्यसको फाईदा राष्ट्रले लिनुपर्ने हो । तर त्यसको फाईदा आइएमई मनिटान्सफरले जायज र नजायज दुवैढंङवाट उठाइरहेको छ । नेपालीहरुले बिदेशवाट नेपालमा पैशा पठाउदा केही प्रतिशत राजश्व तिर्नुपर्ने र त्यो सोजै राष्ट्रको खातामा जाने हुनाले देश बिदेशमा आईएमईले आफ्नो शाखा खोलेको छ । त्यहा सम्पर्कमा आउने नेपालीहरुले जम्मा गरेको पैशा बैधानिक ढंङगवाट पठाउदा राजश्व तिर्नुपर्ने र नाफा धेरै नकमाइने भएको हुदा अवैधानिक हुन्डी मार्फत पठाएरु अवैध कारोवार गरेको बिदेशवाट पैशा पठाउने नेपालीहरुलाई आइएमईको फारामको साटो अर्को फाराम भराएर त्यस्तो अवैध कारोवार आईएमईले गरेको जानकारी प्रप्त भएको छ ।

आईएमई ग्रुपका राजु, र गुणाको र्निदेशनमा योगेस, पत्रकारहरुलाई थर्काउदै

आईएमई ग्रुपका मिडिया हेर्ने ब्याक्ति मध्य सवैभन्दा प्रमुख ब्याक्ति भनेर चिनिन्छन् राजु पौडेल बेला बेलामा गोरखापत्रको राईजिङ नेपालमा आर्टिकल समेत लेख्ने राजु आफुलाई पत्रकार हो भनि चिनाउन मन पराउछन् र पत्रकारहरुले कुनै काम लिएर वा प्रचार सामग्रीको माग गरे भने अहिले केही महिना अगाडी मात्र नियुक्त गरेका एन आईसि एसिया बैकवाट आईएमईमा आएका गुणा श्रेष्ठलाई देखाउछन् ।

गुणाले फेरी हाम्रो सवै काम ग्लोबल आईएमवाट हेर्ने गरिन्छ भन्दै कमलादीमा रहेको ग्लोबल आईएमई बैकमा रहेका योगेस पोखेललाई देखाउछन् । योगेसमा पुगेका अधिकास पत्रकारहरुलाई योगेस पोखेलले भएको ठाउँमा पठाउछन् म पनि पत्रकार हु तिमीहरु जस्ता पत्रकारलाई कसरी ठिक पार्नुपर्छ भन्दै थर्काउने काम यिनै योगेसको काम बनेको छ । दुईचार दिन अगाडी मात्र एक जना पुराना पत्रकार ग्लोबल आईएमई को कार्यलयमा गएको र योगेस पोखेल नामका ब्यात्तिले थर्काएर पठाएको एकजना पुराना पत्रकारले बाग बजारमा पत्रकारहरु माझ चिया खाने क्रममा बताएका थिए ।

नेपालका घराना वा कर्पोरेट हाउस चलाएका ब्यापारीहरुले वेला वेलामा सामाजिक उत्तरदाईत्व बहन गरेको देखावटी नाटक गरेपनि सामाजिक रुपमा प्रेसलाई हेर्ने दृष्टिकोण भने प्रेस मैत्री बनाउन सकेका छैनान् जसको कारण पत्रकार र ब्यापारी बीचको लडाई महायुद्ध जस्तो बनेर गएको देखिन्छ । त्यस्तै यो पछिल्लो समयमा आईएमई ग्रुप पनि पत्रकारहरुसँग महायुद्ध गर्न चाहेको जस्तो देखिन्छ ।

## ७० औं.....

स्थानिय संचारकर्मिहरुलाई वताए । सोही दिन चौथो निर्वाचन दिवस तथा मतदाता दर्ता सप्ताह पनि मनाइएको थियो ।

## एमसीसी.......

भारतसँग कुटनीतिक पहल गर्नुपर्ने कुटनीतिक पहल गर्दा पनि नेपालको भुमि फिर्ता नगरे नेपालले उक्त नेपालको अतिक्रमित भुमिलाई अन्तराष्ट्रियकरण गरेर भएपनि फिर्ता गराउन दवाव सिर्जना गराउनका साथै नेपालको सर्वभौमसत्ता सम्पन्न राष्ट्रलाई नै समाप्त गर्ने गरि आएको अमेरिकी नियोगको एमसीसी सम्झौता गर्न नहुने भन्दै बिरोध गरेका थिए । कार्यक्रममा स्थानीय जनता र टाढा टाढा आएका रामेछापका जनताहरुको उल्लेखिय मात्रमा सहभागिता रहेको थियो ।झुलासम्म बाटो स्तरोन्नती गरि चौविसै घण्टा खुला राख्नु पर्ने, माडी नगरपालिकालाई कृषि पर्यटन हबको रुपमा विकास गर्न विशेष योजना ल्याउनु पर्ने, प्राकृतिक स्रोत साधनमा पूर्ण रुपमा स्थानीय तहको अधिकार हुनु पर्ने राखेर १ का वडा अध्यक्ष कृष्णप्रसाद पौडेल, वडा सदस्यहरु– शिवबहादुर कार्की र अमिता लामाले फागुन ७ गते प्रजातन्त्र दिवसका दिनदेखि वडा कार्यालय अगाडि आमरण अनसन शुरु थिए ।

अहिले उनलाई भरतपुरको सरकारी अस्पतालमा आईसियुमा राखिएको छ ।

## दश......

दलीय मोर्चामा ने.क.पा.(संयुक्त) लाई पनि समावेश गर्ने निर्णय भएको र अब यो मोर्र्चाको 'दश दलीय मोर्चा' नामाकरण गरिएको उल्लेख गरिएको छ । वक्तव्यमा भनिएको छ, अमेरिकी सरकारको एम.सी.सी.परियोजनासँग नेपाल सरकारले गर्न खोजेको राष्ट्रघाती सम्झौता खारेज गर्ने तथा भारत सरकारद्वारा लिम्पियाधुरा( कालापानी(लिपुलेक भारतको राजनीतिक नक्शामा मिलाइएको र कालापानीमा भारतीय सेना राखिएको बिरोधमा केही महिनादेखि निरन्तर संचालन गरिएको विरोध कार्यक्रमलाई अझ सशक्त बनाउन निम्न अनुसारका कार्यक्रमहरु निश्चित गरिएको छ ।

# अर्थ मन्त्रालयका सचिव शिशिर ढुंगाना तथा नाडा प्रतिनिधि मण्डल विच छलफल

काठमाडौं । नाडाका अध्यक्ष कृष्णप्रसाद दुलालको नेतृत्वमा गएको १० सदसिय नाडा प्रतिनिधि मण्डलले अर्थ मन्त्रालयका सचिव शिशिर ढुङ्गानासंग




भेटी फेयर ट्रेड, सवारी साधन तथा स्पेयर पार्टसको आयातको सन्दर्भमा देखिएका समस्याहरु बारे विस्तृत छलफल गरेको नाडाले जनाएको छ ।

उक्त भेटघाटमा नाडाका अध्यक्ष दुलालले हालै राजश्व सचिवबाट अर्थ सचिवमा पदोन्नती हुनु भएका शिशिर ढुङ्गानालाई बधाई तथा शुभकामना दिनु भएको थियो । उक्त भेटघाटमा नाडाका उपाध्यक्षद्धय करण चौधरी र आकाश गोल्छाले अटोमोवाइल व्यवसायमा हाल देखा परेका सम सामयिक समस्याहरु बारे आ आफनो धारणा राख्नु भएको थियो । सो अवसरमा महासचिव सुनिल रिजालले स्पेयर पार्टसको व्यवसायलाई स्वच्छ व्यवसाय बनाउने बारे पनि आफनो धारणा राख्नु भएको थियो । भेटघाटमा सचिव ढुङ्गानाले भन्सार,ख्क्तत्क् र करका सम्बन्धमा नाडाले प्रशिक्षण कार्यक्रम संञ्चालन गरिरहेकोमा धन्यवाद दिदै त्यसका लागि आवश्यक हुने विज्ञ मन्त्रालयबाटै पठाउने आस्वाशन समेत दिनु भएको थियो ।

सो भेटघाटमा अध्यक्ष कृष्णप्रसाद दुलाल लगाएत उपाध्यक्षद्धय करण चौधरी, आकाश गोल्छा, महासचिव सुनिल रिजाल, सचिव अनुप बराल, कोषाध्यक्ष सुरेन्द्रकुमार उप्रेती, सहकोषाध्यक्ष विक्रम सिंहानिया, केन्द्रीय कार्य समिति सदस्य मिलनबाबु मल्ल, निराकार श्रेष्ठ समेतको उपस्थिति रहेको थियो ।

## रामेछाप.......

चिनारी बनाउने गरी उत्पादन गर्नुपर्छ जस्तै उदारणको लागि भोजपुरमा गयो भने भोजपुरे खुकुरी, पाल्पा गयो भने पाल्पाली ढाका टोपी, प्रख्यात भए जस्तै रामेछापको बिशेष के छ त्यो बनाउन अहिले देखि नै हामीले सोच राख्यौ भने अर्को महोत्सवमा त्यस्तै उत्पादन सहित रामेछाप महोत्सव गर्न सक्छौ । यो सन्देश पनि रामेछाप दोस्रो महोत्सवले. दिएको छ ।







जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस